Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- ४८, २०७९ साल असार २८ गते मंगलबार (July 12, 2022) www.janaakash.com.np मूल्य रु १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

## आर्थिक संकटको हल्लाको वास्तविकता के हो ?

**मोहन कार्की,**

काठमाडौं । नेपालमा यतिवेला श्रीलंकाको उदारण दिएर राष्ट्र बैंककै गभर्नर, ठुला राजनीतिक पार्टीका नेता देखि सामान्य नागरिक सबैले आर्थिक संकट बढ्दै गएको देश टाट पल्टिन लागेको बताउने गरेका छन् । यसको भ्रम र वास्ताविकता के हो ? एकिन भएको छैन ।




राष्ट्र बैंकका गभर्नरले असार ८ गते देशको एक सार्वजानिक कार्यक्रममा बोल्दै आयात गर्दा बाहिरिने मुद्रा बराबरको मुद्राको व्यवस्थापन नगर्ने हो भने देश श्रीलंकाको अवस्थामा पुग्ने बताएका थिए । त्यस्तै पछिल्लो समय एकीकृत माओवादीका केन्द्रका नेता नारायणकाजी श्रेष्ठले पनि सोही कुरा सार्वजानिक गरेका छन् । सतहमा जानेर या नजानेर नेपाल आर्थिक संकटमा फस्दैछ भनि हल्ला गर्नेहरुको तती बढेको देखिन्छ ।

तर एकथरी आर्थिक बिश्लेषकहरुको भनाईलाई आधार मान्ने हो भने नेपालको त्यस्तो अवस्था नआउने तर राजनीतिक पार्टीहरुले आउदै गरेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको लागि निर्वाचनको मुखैमा रकम झिक्दा मौद्रिक अपचलन वा देखिने डरले नेपाली मुद्रा लुकायर राखेको हुनसक्ने त्यसैको कारणले मुद्रा सञ्चितीमा कमी भएको विज्ञहरुले औल्याएका छन् । वास्ताविकता यहि हो भन्न सक्ने अवस्था छैन ।

अर्का नविल बैकका सिइओको भनाईलाई आधार मान्ने हो भने त उनले "नेपालमा पैशाको कमी होइन मुद्रा सञ्चिती कमी भएको हल्ला फिजायर ब्याजको स्प्रेडदर बढाउन यहाँका पैशा धेरै भएकाहरुले (मनी) रनिङ गरेर नै (मनि) कमाइरहेकाहरुले केही समयको लागि (मनि) होल्ड गरेको" भन्ने गरेका छन् । उनले सोमवार वेलुका नविल बैक र नेपाल बङगलादेश बैंक मर्ज कार्यक्रममा विज्ञहरुसँग कुराकानी गर्दै यस्तो बताइरहेका थिए । उनले बिदेशमा रहेका वा नेपालमै रहेका पैशावालाहरुले

बाँकी ६ पृष्ठमा

## राष्ट्र बैंकको कमजोरीका कारण मूल्यवृद्धि भयो : शेखर गोल्छा

काठमाण्डौ । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्षले बैंकिङ ब्याजदर वृद्धिका कारण बजारमा मूल्यवृद्धि भएको बताउनुभएको छ । आइतवार काठमाण्डौमा नेपाल उद्योग वाणिज्य महासङ्घले आउँदो आर्थिक वर्षको मौद्रिक नीतिका विषयमा आयोजना गरेको कार्यक्रममा बोल्दै अध्यक्ष गोल्छाले यस्तो बताउनुभएको हो । उहाँले राष्ट्र बैंकले बैंकहरूको ब्याजदर नियन्त्रण गर्न नसक्दा अहिलेको अवस्था आएको बताउनुभयो ।

अध्यक्ष गोल्छाले पछिल्लो ६ महिनामा मात्रै बैंकको ब्याजदर दोब्बरले बढ्दा व्यवसायीहरू समस्यामा परेको गुनासो गर्नुभयो । उहाँले अहिले सीमित तरलता रहेको अवस्थामा उत्पादन उद्योगमा लगानी लगाउनुपर्ने अवस्था रहेको बताउनुभयो । उहाँले भन्नुभयो, 'अहिलको ब्याजदर बजारको मूल्यवृद्धिलाई धान्न नसक्ने गरी आएको छ । ६ महिनामा ब्याजदर दोब्बर भएर गएको छ । राष्ट्र बैंकले समयमा नै नियन्त्रण गरेको भए अहिलको अवस्था आउने थिएन । हामीले उत्पादन क्षेत्रमा लगानी गर्न आवश्यक छ । उत्पादन क्षेत्र नै हाम्रो अर्थतन्त्रको आधार हो । उत्पादन क्षेत्रमा लगानी गर्दा रोजगारी सिर्जना र अर्थतन्त्र चलायमान हुन्छ ।'

अध्यक्ष गोल्छाले उद्योगहरूले बैंकबाट कर्जा नपाउँदा व्यवसाय ठप्प रहेको भन्दै अहिले सङ्कटको समयमा केन्द्रीय बैंकले सबै समस्या समाधान गर्ने गरी मौद्रिक नीति ल्याउँछ भन्ने निजी क्षेत्रले अपेक्षा गरेको बताउनुभयो । उहाँले बैंकको नाफामा कडाइ गर्नुपर्ने, आयातका लागि एलसी खोल्दा नगद मार्जिन राख्नुपर्ने निर्णय हटाउन माग गर्नुभयो । अध्यक्ष गोल्छाले तरलता अभावका कारण बैंकहरूबाट कर्जा प्रवाह नहुँदा अर्थतन्त्र ठप्प हुने अवस्थामा रहेको बताउनुभयो ।

अध्यक्ष गोल्छाले तरलताको चुनौतीका कारण साना व्यवसायी साँच्चै अप्ठेरोमा रहेको भन्दै व्यवसायीलाई राहत पुग्ने खालको नीति ल्याउनुपर्ने धारणा राख्नुभयो । उहाँले ५५ लाख शेयर लगानीकर्ताले धेरै गुमाइसकेको भन्दै मौद्रिक नीतिमार्फत शेयर कर्जा धितोको

बाँकी ६ पृष्ठमा

## सवारी साधनहरुको आयात हटाउन प्रधानमन्त्रीको आग्रह

काठमाडौं । नाडाका अध्यक्ष ध्रुव थापाको नेतृत्वमा गएको एक प्रतिनिधी मण्डलले प्रधानमन्त्री शेरवहादुर देउवासंग असार २२ गते भेट गरेको छ । भेटमा नाडाका प्रतिनिधिहरुले सवारी साधनमा लागेको प्रतिबन्ध हटाउन आग्रह गरेका थिए । प्रधानमन्त्रीले भेटका क्रममा प्रधानमन्त्रीले नीजि प्रयोजनका सवारी साधनहरुको आयातमा लागेको प्रतिवन्ध हटाउन सकारात्मक रहेको बताएका थिए ।



प्रधानमन्त्री देउवाले सवारी साधन पैठारीकर्ताहरुले अव नेपालमै विद्युतिय सवारी साधनहरुको एसेम्बलिङ्ग प्लाण्ट स्थापना गरी बढदो व्यापार घाटा कम गर्न सुझाव समेत दिएका थिए ।

उक्त भेटघाट तथा छलफलमा अध्यक्ष थापाले नेपालमा पैठारी हुने हजारौ बस्तुहरु मध्ये कार, जीप र भ्यान जस्ता सवारी साधनहरु मात्र यस्तो बस्तु हुन् जसले आयातको तुलनामा झण्डै दोब्बर भन्दा बढी राजश्व योगदान पुऱ्याउने गर्दछ । यस तथ्यले नेपालको बढदो व्यापार घाटा र शोधनान्तर घाटामा यसको अंश अत्यन्त सानो भए पनि योगदान भने धेरै उच्च रहेको समेत स्पष्ट हुन्छ भन्दै यसै यथार्थताहरुलाई मनन गर्दे कार, जीप र भ्यान जस्ता नीजि प्रयोजनका सवारी साधनहरुको आयातमा लागेको प्रतिवन्ध फुकाउनका लागि आवश्यक पहल गरि दिन आग्रह गरेका ,थिए ।

अध्यक्ष थापाले नाडा अटो एक्सपो २०२२ यही २०७९ सालको भाद्र ७ गते देखि १२ गतेसम्म काठमाण्डौको भृकुटी मण्डपमा सम्पन्न गर्ने निर्णय गरिएकोमा सो आयोजनाका लागि समेत नयाँ सवारी साधनहरुको आयात सुचारु हुनु आवश्यक भएकोले पनि सो प्रतिवन्ध खुल्ला गरि दिन आग्रह गरेका थिय । सो भेटघाट तथा छलफलमा उपाध्यक्ष सुनिल रिजाल, कोषाध्यक्ष मिलनबाबु मल्ल तथा केन्द्रीय कार्य समिति

बाँकी ६ पृष्ठमा

## महिला उद्यमशीलता विकासका लागि चेम्बरको आयोजनामा तालिम


काठमाडौं । नेपाल चेम्बर अफ कमर्स अन्तर्गतको महिला चेम्बरले महिलाका लागि आर्थिक सशक्तिकरण कार्यक्रम सुरु गरेको छ । उद्यमशीलता विकास र रोजगारी सिर्जना मार्फत आर्थिक क्षेत्रमा महिलाको सहभागिता बढाउन महिला चेम्बरले विभिन्न क्षेत्रमा तालिम आयोजना गरेको हो ।

पहिलो चरणमा पाककला, सौन्दर्य कला, फोटोग्राफी, क्यान्डल क्राफ्टीङ, फेब्रिक पेन्टिङ लगायतका विभिन्न ६ वटा क्षेत्रमा महिलालाई तालिम प्रदान गर्न लागेको हो । छुट्टाछुट्टै क्षेत्रमा विभिन्न महिलाहरुलाई तालिम प्रदान गर्न लागिएको महिला चेम्बरले जनाएको छ ।

तालिमको उद्घाटन गर्दै चेम्बरका अध्यक्ष राजेन्द्र मल्लले उद्यमशीलताको विकास मार्फत महिलाको आर्थिक सहभागिता वृद्धि गर्नुपर्ने बताए । नेपाल चेम्बर अफ कमर्सले महिलाको सशक्तिकरणको मुद्दालाई उच्च प्राथमिकतामा राखेको मल्लले बताए ।

चेम्बरकी उपाध्यक्ष एव महिला चेम्बरकी सभापति उर्मिला श्रेष्ठले महिलाहरुको आर्थिक सुरक्षाका लागि तालिम सञ्चालन गरिएको जानकारी दिइन् । व्यापार र रोजगारी सिर्जना गर्न तालिम महत्वपूर्ण हुने श्रेष्ठको भनाइ छ । महिलाहरुलाई बजारको माग अनुसारको तालिम प्रदान गर्न लागिएको श्रेष्ठले बताइन् । कार्यक्रममा महिला चेम्बरकी सचिव लिमा अधिकारीले महिलाहरुलाई कम्तिमा १५ दिनको तालिम दिइने बताइन् । महिलाको आर्थिक

बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# यौन हिंसाको हद म्यादले पुरुष/महिला दुवैको अधिकार हनन् नहोस्

यतिवेला नेपालमा महिलामैत्री राज्य बनाउने अभियान नै चलेको छ । जसमा महिलालाई ३३ प्रतिशत आरक्षण कोटा संविधानले ब्यवस्था गरेको छ । यो सकरात्मक पक्ष हो । त्यो भन्दा महत्वपूर्ण विषय यो हुनुपर्थ्यो पुरुष बराबर हरेक क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने क्षमताको विकास महिला समुदायमा गराउन सकेको खण्डमा यसको प्रभावकारीता हुन्थ्यो । त्यो भनेको बालबालिकालाई भेदभाव नगरी समान हैसितमा शिक्षा प्रदान गर्नु हो । समान हैसियतमा समान प्रतिस्पर्धा गराइसकेपछि पीडित भन्ने नै हुदैन ।

बिशेष गरेर अहिले यौन हिंसाको बिषयमा ठुला ठुला बहस भएका छन् । सदनमा,सडकमा छलफल भएको छ । यौन हिंसाका घटनामा बर्षौपछि पनि उक्त घटनाको दोषी करार गरेर सजायको माग गरिन लागिदैं छ । त्यसको असर देखिन थालिसकेको छ । संगीत स्रोता यानकी (यम बहादुर क्षेत्री) र सरिता तिवारीको घटनाले संकेत गरिसकेको छ । यो त एउटा घटनाको पात्र मात्र हुनसक्छ । भोलिका दिनमा यस्ता घटना पाहाड बन्दै जान सक्छन् ।

यसले पुरुष समुदायका जो समाजमा केही उदाहरण बन्दै गएका असल ब्यक्तिहरुलाई लान्छना लगायर विवादमा उछाल्ने र महिला हिंसा गरेको नाममा असल ब्याक्तिहरुलाई सिकार बनाउने प्रपञ्चले काम गर्न लागेको सहजै अनुमान लगाउन सकिन्छ ।

यौन हिंसा गर्नुहुदैन मात्र भनेर हुदैन यौन हिंसा गर्नुहुदैन यौन भनेको के हो ? त्यो चेतनामा विकास हुनुपर्छ । शिक्षामा त्यो विविधिकरण गरेर लैजानुपर्छ । बालबालिका माथि बयसका भएकाहरुले जान जान यौन हिंसा गरेका रहेछन् भने त्यसको लागि हद म्याद राख्न सकिन्छ तर त्यो पनि प्रकृति हेरेर मात्रै उमेर पुगेका बालिग भइसकेका महिलामाथि हुने यौन हिंसाको हद म्याद राख्नु भनेको नेपालको राज्य प्रणालीलाई नै भोलीका दिनमा असर पुऱ्याउनु हो ।

त्यो असर कसरी पुग्छ

असल ब्यवहार भएका मानिसहरुको उदय नहोस भन्नका लागि अप्रत्यक्ष अन्तै कतैवाट ल्याउन लागिएको यौन हिंसाको हद म्याद ऐन, कानुन हो । जसले भोलीका दिनमा जसलाई जतिखेर पनि एक महिला प्रयोग गरेर आरोप लगाइदिएर दोषि करार गर्न सक्छन् ।

त्यतिवेला जुनसुकै असल पुरुष महिला हिंसा नगरेको भएपनि कानुनमा दोषी बनाइन्छ र निर्धोष पुरुषहरु धमाधम जेलमा जान बाध्य बनाइन्छन् । बाकी रहेका असक्षमहरु र ज्ञानको अभावमा बिदेशीको प्रभावमा विदेशीकै निर्देशनमा काम गर्छन ती ज्ञान नभएकाहरुलाई नेपालको अस्तित्व नै मेटाउदैछन् भन्ने ज्ञान समेत हुदैन अरुले भनेको काम गरिरहन्छन् । बिदेशीहरुले त त्यसै गराउन खोजेका हुन्छन् । त्यसैले हद म्यादका कानुन बनाउन विदेशी शक्तिहरुको अप्रत्यक्ष संलग्नमतामा नेपालमा तिनैको सातु पिठो खानेहरु आतुर देखिएका होलान् ।

त्यसमाथि अझै नेपालमा पुरुषको संख्या कम छ त्यसमा झण्डै ५० लाखको हाराहारीमा युवा बयस्क पुरष जति विदेशमा रोजगारको शिलसिलमा छन् । २०७८ को जन गणना अनुसार नेपालको जनसंख्या नियन्त्रण हुदै गएको छ । यस्तो अवस्थामा महिलामैत्रीको नाममा यौन हिंसाका नाममा पुरुषहरु माथि यौन इच्क्षामा नै समस्या हुने खालका कानुन ल्याउने हो भने विस्तारै नेपालका महिलाहरु विवाह गर्न पनि अर्को देशतिर पठाउने नियम पनि बनाउनु पर्छ होला नेपालका पुरुषलाइ त नेपाली महिलामाथि यौन इच्क्षा गरयो कि यौन हिंसा भइहाल्छ ।

पुरुष भन्दा झण्डै एकतिहाई बढी रहेका नेपाली महिला के गर्छन होला । विदेशतिर बर खोज्न लाग्छन् होला नेपाली अभियान्त महिलाहरुको बुझाई त्यही होला विदेशी पैशामा चलेका मिडियाको त्यही धारणा होला यी दुइवटा विदेशी पैशामा चल्ने मिडिया र विदेशी निर्देशनमा चल्ने अभियान्तको बुझाई विदेशमा यौन हिंसा हुदैन होला । तर नेपालमा रहेका लाखौं लाख महिलाले विदेशमा धेरै हिंसा देखेका छन् राजगारमा गयर आएका कतिपय महिलाले हिंसा ब्यहोरेर कहिल्यै विदेश नजाने सुझाव महिलालाई दिने गरेका छन् । नेपालमा रहेका लाखौ महिलाले यौन इच्छा हुदाहुदै पनि यौन सन्तुष्टि लिनबाट बञ्चित भएकाहरुको लागि हद म्यादका कानुनले झनै प्राकृतिक हरमोनको ब्यवस्थान गर्न समस्या हुन सक्छ ।

त्यसैले नेपालका महिला पुरुष दुवैलाई अधिकारवाट बञ्चित गराउने गरी ल्याउन लागेको कानुन जस्तो नबनोस यौन हिंसाको हद म्याद, यो कानुनको विरोध गरिएको होइन तर बैज्ञानिकता खोज्नुपर्छ चै भनिएकै हो । बैज्ञानिक रुपमा डिएनए टेष्ट गर्दा ७२ घण्टाभन्दा पछाडी डिएनए त प्रमाणित हुदैन भने हद म्याद राख्नुको के अर्थ हुन्छ ? नेपालका कानुनहरु देख्दा नेपालीले बनाएका भएपनि अन्तै कतैवाट बनायर पठाइएका ड्रफ्ट पास हुने गरेका विगतका घटनाले देखाएका छन् । त्यस्तै यो यौन हिंसाको हद म्याद कानुन हचुवाको तालमा कसैले उछालेकै भरमा मिडिया, केही डलरे अभियान्ताले उछालेकै भरमा कानुन बनाउदै जाने हो भने नेपालको आफ्नो भन्ने के रहन्छ होला र यस्ता बिषयमा बिज्ञ भनिएका महिलाहरुले थप अध्ययन गरेर त्यसका मुख्य बैज्ञानिकताका आधारहरु राखेर मात्रै हद म्याद कानुन बनाउदा बुद्धिमानी होला कि ?

# नागरिकतासँग राष्ट्रियताको सम्बन्ध

**प्रेम कुमार खनाल**

देशको सार्वभौमिकता, स्वतन्त्रता, राष्ट्रिय एकता, राष्ट्रिय सुरक्षाको रक्षा र प्रवर्द्धन गरेर मात्र राष्ट्रियताको प्रवर्द्धन हुन सक्छ । राष्ट्रियता बलियो भए देश बलियो हुन्छ । नेपाली भाषा, मातृभाषा तथा संस्कृतिको संरक्षण र संवर्द्धन, सीमा सुरक्षा, र राष्ट्रिय पुँजी निर्माण तथा तीव्र विकास गरेर स्वाधीन एवं आत्मनिर्भर अर्थतन्त्र निर्माणबाट नै राष्ट्रियताको प्रवर्द्धन गर्न मद्दत पुग्छ । राष्ट्रियतासँग नागरिकताको प्रगाढ सम्बन्ध हुन्छ । कुनै पनि देशमा नागरिकता प्राप्त गर्ने विभिन्न आधार हुन्छन् । नागरिकता एक राजनीतिक अवधारणा हो । आधुनिक राज्य व्यवस्थामा राज्यअन्तर्गत स्थायी जनसङ्ख्या, सार्वभौमसत्ता, भूगोल र सरकार राज्यका पूर्वसर्त हुन् । राज्यको स्थायी जनसङ्ख्या भनेको नागरिक हुन् । यसर्थ राज्य र नागरिकका बीच नागरिकताले सम्बन्ध स्थापित गरेको हुन्छ । नागरिक राष्ट्रका प्रति बफादार हुनुपर्ने हुन्छ, राष्ट्रप्रति बफादार नागरिकले राज्यबाट सुरक्षाका साथै मतदानको अधिकार, चुन्ने, चुनिने, निर्वाचित हुने, वा सार्वजनिक प्रमुख पद धारण गर्ने अधिकार रहन्छ, यस सन्दर्भमा नागरिकता र राज्यका बीच प्रगाढ सम्बन्ध हुन्छ ।

विश्वमा नागरिकता प्राप्तिका विभिन्न आधार रहेको पाइन्छ । पहिलो आधार वंशज हो जसलाई रगतको अधिकार भनिन्छ र अर्को दोस्रो आधार अङ्गीकृत अर्थात् (नेचरलाइजेसन) का आधारमा खास गरी विदेशी व्यक्तिलाई कानुनमा व्यवस्था भएबमोजिम रीतपूर्वक नागरिकता दिने गरिन्छ ।

विदेशी व्यक्तिले निश्चित अवधिदेखि बसोवास गरिरहेको र नेपाली नागरिकता लिन आवेदन गरेको, विदेशी मूलका व्यक्ति र विवाहित विदेशी महिला वा पुरुषलाई कानुनमा व्यवस्था भएबमोजिम अङ्गीकृत नागरिकता दिने व्यवस्था छ । अङ्गीकृत नागरिकता राज्यको निरपेक्ष आन्तरिक विषय भएकाले यसलाई व्यक्तिको अधिकार वा सुविधाभन्दा पनि राज्यको अधिकार हो । विदेशी नागरिकलाई नागरिकता प्रदान गर्ने कुरा देशको हित र इच्छाको विषय हो । यो विदेशी व्यक्तिको अधिकारको विषय होइन । नागरिकतालाई अनएराइभल भिसाजस्तो सस्तो बाँड्नु हुन्न ।

भारतमा अन्य मुलुकका नागरिकले विशेष प्रकारको नागरिकता (ओभरसिज सिटिजन्ससिप अफ इन्डिया) पाउने व्यवस्था गरेको छ । त्यस्ता नागरिकलाई भारतीय राहदानीका साथै राजनीतिक अधिकार अन्तर्गत संवैधानिक अङ्गका प्रमुख पदमा नियुक्ति हुन नपाउने व्यवस्था गरेको छ । भारतमा सन् १९५१ अगाडि जन्मेका विदेशी नागरिकले मात्र यस किसिमको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था छ । यसै भएर पचासौं वर्षदेखि भारतमा बसोवास गरेका नेपालीले अहिलेसम्म भारतीय नागरिकता प्राप्त गर्न सकेका छैनन् । नेपालमा २००९ सालदेखि २०१९, २०३६, २०४६, २०६२ र २०७२ गरी छ पटक आधार वर्ष संशोधन गरी विदेशी नागरिकका सन्तानलाई नागरिकता दिन प्रयत्न गरिएको छ ।

भारतमा विदेशी महिलाले भारतीय नागरिकसँग विवाहका आधारमा नागरिकता प्राप्त गर्न सात वर्ष यस्तै अफगानिस्थानमा पाँच वर्ष, माल्दिभ्समा १२ वर्ष (मुस्लिम नै हुनुपर्ने), भुटानमा विवाह गरेर छोरा छोरी जन्मिए र नागरिकता प्राप्त गर्ने उमेर भएपछि, श्रीलङ्कामा सात वर्ष, पाकिस्तानमा पाँच वर्ष र बङ्गलादेशमा दुई वर्ष स्थायी बसोवास गरेको हुनुपर्ने उल्लेख गरिएको छ । नेपालमा भने सम्बन्धित देशको नागरिकता त्याग नगरी नै अङ्गीकृत नागरिकता पाउने विधेयकमा व्यवस्था छ ।

यस्तै नेपाल नागरिकता ऐन, २०६३ को दफा ६ को उपदफा ४ मा कम्तीमा पन्ध्र वर्षसम्म नेपालमा बसोवास गरेको, नेपाली नागरिकलाई अङ्गीकृत नागरिकता दिने कानुनी व्यवस्था वा प्रचलित भएको मुलुकको नागरिक भएको, असल चालचलन भएको र मानसिक रूपले स्वस्थ्य भएको व्यक्तिलाई अङ्गीकृत प्रदान गर्ने व्यवस्था छ । यो ऐनबाट गैरनेपालीले सहजै नागरिकता पाउने प्रावधान छ । यो ऐन तर्जुमा गरी पारित गर्दा जिम्मेवार राजनीतिक दलबाट राष्ट्रको हितलाई गम्भीरतापूर्वक ध्यान दिएको पाइएको छैन । अझ अहिले आएर नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्ने विधेयक सरकारले मस्यौदा गरी संसद्समक्ष पेस गर्ने तयारी गरी रहेको विषय सार्वजनिक भएको छ ।

> **देशको कमजोर अर्थतन्त्र, आप्रवासी जनसंख्याको चाप, सार्वभौमसत्ताको रक्षा, भाषा संस्कृतिको जगेर्नाको कोणबाट लचिलो ढंगले नागरिकता वितरण गरिनु राष्ट्रहितमा छैन । कठोर खालको नागरिकता वितरण नीति अवलम्बन गर्नु नै नेपालको हितमा हुन्छ । तसर्थ वर्तमान संविधानमा जुन लचिलो नीतिका साथ विदेशी नागरिकलाई नागरिकता दिन सक्ने प्रावधान राखिएको छ, यसमा सुधार गर्नुपर्छ । यस्तै संघीय संसद् हाल प्रस्तुत गर्न खोजिएको विधेयकलाई स्थगन गरी विगतमा हचुवाका भरमा वितरण गरिएका नागरिकताको छानबिन गर्न र वास्तविक नेपालीले नागरिकता प्राप्त गर्न उच्च स्तरीय छानबिन आयोग गठन गरिनुपर्छ ।**
>
> **अंकीकृत नागरिकता वितरण गरिंदा छिमेकी देशलगायत अन्य देशको नीतिलाई (रेसिप्रोकल) आधार मानी नेपालले नागरिकता वितरणको नीति अवलम्बन गर्नुपर्छ । खुला सिमाना भएका कारण नेपालको जनसंख्यामा आप्रवासीको जुन चाप पर्दै गएको छ, यसलाई कडाइ गरिनुपर्छ ।**

मस्यौदा गरिएको प्रस्तुत विधेयकमा संवत् २०७२ साल असोज ३ भन्दा अगाडि जन्मेका आधारमा नेपालीको सन्तान बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता मानिने उल्लेख छ । परापूर्व कालदेखि नेपालमा बसोवास गरेको, जसको पुर्खा नेपाली नागरिक छ, उसलाई वंशजको सम्बन्ध मानी वंशजको नागरिकता दिने हो । विधेयकले अङ्गीकृत नागरिकता प्राप्त व्यक्तिका पहिलो सन्तानको छोराछोरीले स्वतः वंशजको नागरिकता पाउने, नेपालमा जन्म नभए पनि नागरिकता प्राप्त गर्न सक्ने जुन व्यवस्था गर्न खोजिएको छ यसले अन्ततः नेपालको राजनीतिमा क्रमशः विदेशी नागरिकको बाहुल्यता बढ्दै जान्छ ।

यस्तै विधेयकमा बाबुको पहिचान हुन नसकेको व्यक्तिले पनि वंशजको आधारमा नागरिकता प्राप्त गर्ने, बाबुको पहिचान पछि भएमा स्वतः अङ्गीकृत नागरिकतामा परिणत हुने, यस्तै विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिलाले दुवै देशको नागरिकता प्राप्त गर्न सक्ने र नेपाली नागरिकले विदेशी महिलासँग विवाह गरेपछि विवाहित महिलाले सम्बन्धित देशको नागरिकता परित्याग नगरी नै नेपाली नागरिकता पाउने विधेयकमा उल्लेख छ । नागरिकताका सम्बन्धमा यो व्यवस्था भएमा गम्भीर समस्या उत्पन्न गर्नेछ । खुला सिमाना भएका कारण नेपालमा दोहोरो नागरिकता लिनेको जनसङ्ख्या लाखौं रहेको तथ्य पनि सँगसँगै सार्वजनिक भएका छन् ।

यस्तै विधेयकमा निर्वाचित जनप्रतिनिधि निकाय हुँदाहुँदै पनि कुनै दुईजनाले नागरिकता प्राप्तिका लागि सिफारिस गरेमा नागरिकता प्राप्त गर्न सक्ने विधेयकमा व्यवस्था छ । यसले गर्दा एक जना व्यक्तिले हजारौं व्यक्तिलाई नागरिकताको सिफारिस गर्न सक्ने र यस्तो सिफारिस गर्दा ठूलो रकमको लेनदेन हुनसक्ने देखिएको छ । यति मात्र होइन, गणतन्त्र घोषणा भएर नेपाल सरकार उल्लेख हुनुभन्दा अगाडि तत्कालीन श्री ५ को सरकारको नाम, छाप, कार्ड र विगतकै मिति प्रयोग गरेर हजारौंको सङ्ख्यामा नागरिकता किनबेच भइरहेको तथ्य प्रकाशित भएका छन् । मुलुकको राष्ट्रियतासँग गाँसिएको नागरिकता गम्भीर र संवेदनशील विषय हो । यसको वितरणमा सावधानी अपनाइएन भने देशको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा प्रभाव पार्छ । यसले अन्ततः देशको सार्वभौमिकता, राष्ट्रिय एकता स्वतन्त्रता र अखण्डतामा प्रभाव पार्छ । नागरिकताकै कारण फिजी लगायतका देश टुक्रिएको, अर्को देशमा गाभिएको घटना छन् ।

नेपालमा भने अत्यन्तै हचुवाका भरमा नागरिकता वितरण गर्ने नीति अवलम्बन गर्न खोजिएको छ । यसले गर्दा खासगरी तराई क्षेत्रलगायत नेपालकै जनसङ्ख्यामा विदेशी नागरिकको बाहुल्यता हुन्छ । यसले नेपालका आदिवासी जनताको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार कुण्ठित गर्दै लगेको छ । खुला सिमाना, कार्यअनुमति पत्रको अभाव, खुकुलो नागरिकता नीतिका कारण छिमेकी देश भारतबाट नेपालमा आई रोजगारी, पेसा व्यवसाय गरेर वार्षिक झन्डै चार खर्ब (नेपाल भित्रिने रेमिट्यान्सको आधा रकम) भारत लैजाने गरेको तथ्यबाट पनि नेपालबाट औपचारिक रूपले पुँजी बहिर्गमन भइरहेको स्थिति छ ।

यस्तै हरेक वर्ष तराईमा आप्रवासीको जनसङ्ख्या बढ्दै गएको र भूगोललाई बेवास्ता गरी जनसङ्ख्याका आधारमा निर्वाचन क्षेत्र हुनुपर्छ भन्ने मागले भविष्यमा मुलुकको राजकीय मामलामा के कस्तो असर पर्न सक्छ सहजै अनुमान गर्न सकिन्छ । विगतमा तत्कालीन सरकारले २०३७ र २०५४ सालमा हचुवाका भरमा गैरनेपालीलाई आयोग बनाएर नागरिकता वितरण गरिएको थियो, त्यसलाई सम्मानित सर्वोच्च अदालतबाट बदर गर्ने फैसला भए पनि सरकारी निकायबाट त्यसरी वितरण गरिएका नागरिकता अझै रद्द गरिएको छैन । उल्टै २०७५ चैत १९ गते गृह मन्त्रालयबाट सङ्घीय कानुन नबनाई नागरिकता वितरण गर्ने परिपत्र गरियो । यसका साथै राष्ट्रिय परिचयपत्र वितरण गर्दा पनि विगतमा जथाभावी रूपमा नागरिकता प्राप्त गरेका सबैलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने काम भइरहेको छ । देशको कमजोर अर्थतन्त्र, आप्रवासी जनसङ्ख्याको चाप, सार्वभौमसत्ताको रक्षा, भाषा संस्कृतिको जगेर्नाको कोणबाट लचिलो ढङ्गले नागरिकता वितरण गरिनु राष्ट्रहितमा छैन । कठोर खालको नागरिकता वितरण नीति अवलम्बन गर्नु नै नेपालको हितमा हुन्छ । तसर्थ वर्तमान संविधानमा जुन लचिलो नीतिका साथ विदेशी नागरिकलाई नागरिकता दिन सक्ने प्रावधान राखिएको छ, यसमा सुधार गर्नुपर्छ । यस्तै सङ्घीय संसद्मा हाल प्रस्तुत गर्न खोजिएको विधेयकलाई स्थगन गरी विगतमा हचुवाका भरमा वितरण गरिएका नागरिकताको छानबिन गर्न र वास्तविक नेपालीले नागरिकता प्राप्त गर्न उच्च स्तरीय छानबिन आयोग गठन गरिनुपर्छ ।

अङ्गीकृत नागरिकता वितरण गरिँदा छिमेकी देशलगायत अन्य देशको नीतिलाई (रेसिप्रोकल) आधार मानी नेपालले नागरिकता वितरणको नीति अवलम्बन गर्नुपर्छ । खुला सिमाना भएका कारण नेपालको जनसङ्ख्यामा आप्रवासीको जुन चाप पर्दै गएको छ, यसलाई कडाइ गरिनुपर्छ ।

गोरखापत्र

# अस्ट्रेलियाको विद्यार्थी भिसामा कीर्ते कागजातको बढ्दो प्रयोग, भिसामा कडाइ

विद्यार्थी भिसामा अष्ट्रेलिया आउने विद्यार्थीलाई अष्ट्रेलियन सरकारले कडाई गर्ने भएको छ । अष्ट्रेलियन अध्यागमन विभागद्धारा भर्खरै जारी गरेको अन्तर्राष्ट्रिय प्रवेशाज्ञा सम्बन्धी नयाँ नियमनमा नेपाललगायत अन्य केही मुलुकका विषयमा कडाइ गर्ने बताएको हो । गत जुलाइ ४ मा अष्ट्रेलियन सरकारद्धारा जारी गरिएको अध्यागमन सम्बन्धी नयाँ प्रतिवेदनमा नेपाली विद्यार्थीको भेट सेक्टरमा नक्कली कागजातको बढ्दो प्रयोगलाई स्पष्ट रूपमा इंगित गर्दै यसप्रति अष्ट्रेलियन सरकारको गम्भीर चासो रहेको बताएको छ । कोरोना कालपछि उर्लदो भेलसरह नेपाली विद्यार्थी अष्ट्रेलिया आए पनि अहिले ठ्याक्कै उल्टो अर्थात भिसा प्रतिशत निकै तल खस्किएको छ । अध्यागमन सम्वन्धि सरकारको नयाँ प्रतिवेदनमा अष्ट्रेलिया पढ्न आउने विद्यार्थी गम्भीर नभएको र प्रोभाइडर समेतले उनीहरूलाई भर्ना प्रकृयामा गम्भीरता नदेखाएको उल्लेख गरेको छ । शैक्षिक उद्योगीले विद्यार्थीलाई उनीहरूको योग्यता र दक्षता नाप्न भिडियो अन्तर्वार्ता लगायतका महत्वपूर्ण विषयमा समेत उदासिन रहेको प्रतिवेदनमा उल्लेख छ । पढ्नका लागि आर्थिक तथा शैक्षिक योग्यता पुरा गरेर आएका विद्यार्थी केही महिनामै कोर्स परिवर्तन गर्ने र कलेज परिवर्तन गर्नेजस्ता गतिविधि बढ्दै गएकोमा चिन्तासमेत ब्यक्त गरिएको छ । कोरोना महामारीपछि अस्ट्रेलियन बोर्डर खुलेसँगै नोभेम्बर २०२१ देखि २०२२ को मे अन्तिमसम्म १८ हजार ८ सय ८९ नेपाली विद्यार्थी अस्ट्रेलियामा उच्च शिक्षा अध्ययनका लागि आएका छन् । यो अस्ट्रेलिया आउने अन्तर्राष्ट्रिय विद्यार्थीको हकमा तेस्रो ठूलो संख्या हो ।

यस पटक ३४ हजार ३५ जना विद्यार्थी आएको भारत पहिलो नम्बरमा हुँदा चीनले यो अवधिमा २५ हजार ६ सय ८९ विद्यार्थी भित्र्याएको छ । नेपालभन्दा पछि रहेको भियतनामले यो अवधिमा ७ हजार १ सय ७२ जना विध्यार्थी भित्र्याएको छ । पछिल्लो सात महिनामा १८ बाँकी ६ पृष्ठमा

# गरिखाने शिक्षाको खाँचो

बाबुकाजी कार्की

काठमाडौँ । हाम्रो शिक्षा गरिखानेभन्दा पनि मागिखाने जनशक्ति उत्पादनतिर लक्षित भएको गुनासो सत्यताको नजिक पाइन्छ । समयको मागअनुसार देश तथा विदेशका श्रम बजारमा खरो प्रतिस्पर्धा गर्न सक्ने सक्षम जनशक्ति आजको आवश्यकता हो ।

रोजगारका लागि भौतारिनेभन्दा पनि रोजगार सिर्जना गर्न सक्ने प्रतिभाशाली जनशक्ति उत्पादन गर्ने शिक्षाले मात्र बेरोजगारी समस्याको हल गर्न सक्छ। प्राविधिक शिक्षाले रोजगारका अवसर प्राप्त गर्न सहजता प्रदान गर्दछ। तर कुन क्षेत्रको कस्ता प्राविधिक कति चाहिन्छ भन्ने भविष्यदर्शी योजनाको अभाव र हचुवाको भरमा कार्यक्रम ल्याउने प्रवृत्तिका कारण पनि आवश्यक प्राविधिक जनशक्तिको अभाव खट्किएको छ ।

विद्यालय शिक्षा पार गरेका युवाको भविष्यको शैक्षिक यात्राको सही मार्गदर्शन दिन नसकेमा त्यसको नकारात्मक असर परिवार, समाजदेखि देशले नै भोग्नुपर्ने हुन्छ। समृद्धिको यात्रामा सफलता हासिल गर्न व्यावहारिक प्राविधिक शिक्षा आजको आवश्यकता हो। साधारण शिक्षा मात्र अध्ययन गर्ने प्रवृत्तिका कारण देशमा बेरोजगारीको विकराल समस्या बन्दै गएको परिवेशमा सिपमूलक गुणस्तरीय प्राविधिक शिक्षा समस्या समाधानका लागि वरदान सावित हुन सक्छ ।

अहिले पनि झण्डै ४५ लाखको हाराहारीमा वैदेशिक रोजगारीमा भएका युवाले पठाएको रेमिट्यान्सले अर्थतन्त्र धान्न विवश हाम्रो देशमा जीवनोपयोगी पौरखी प्राविधिक शिक्षा अपरिहार्य भैसकेको छ। वैदेशिक रोजगारमा जाने युवाहरूलाई पनि त्यहाँको मागअनुसार सिपमूलक तालिम दिएर पठाउन सके उनीहरूको कमाइमा उल्लेख्य वृद्धि गर्न सकिन्छ। मुलुकको समृद्धिका लागि दक्ष जनशक्ति आवश्यक पर्दछ ।

नेपालमा अहिले पनि प्राविधिक जनशक्तिको उत्पादन न्यून छ। देशको आवश्यकताका लागि मात्रै नभएर ठूलो संख्यामा वैदेशिक रोजगारीमा जाने युवाहरूको आय आर्यजनमा समेत वृद्धि गर्न योजनाबद्ध प्राविधिक शिक्षा आजको आवश्यकता हो। रोजगारका लागि भौतारिनेभन्दा पनि रोजगार दिन सक्ने सिर्जनात्मक तागत भएको जनशक्ति उत्पादन गर्ने राज्यको शिक्षा नीति हुनुपर्दछ ।

प्रत्येक वर्ष माध्यमिक शिक्षा परीक्षा (एसइइ) बाट करिब ५ लाख परीक्षार्थी उत्तीर्ण भएका हुन्छन्। उनीहरूलाई भविष्यको शैक्षिक यात्राको लागि मुख्यतया प्राविधिक र साधारण शिक्षामध्ये छनोट गर्नुपर्ने हुन्छ। धेरै लगानी गरेर लामो समयसम्म अध्ययन/अनुसन्धान तहसम्मका लागि साधारण शिक्षा रोज्नु स्वाभाविकै हो। आफ्नो योग्यता, क्षमता र आर्थिक हैसियतको ख्यालै नगरी उच्च शिक्षाको विषय र बाटो रोज्दा भविष्य अलपत्र परेका उदाहरण बग्रेल्ती पाइन्छ ।

हाम्रो जस्तो विकासोन्मुख देशमा मध्यमस्तरीय सिप भएका प्राविधिक जनशक्ति प्रशस्त आवश्यक पर्दछ । एसइइ पार गरेका परीक्षार्थीका लागि विभिन्न क्षेत्रमा स्वरोजगार बन्ने अवसर प्रदान गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) ले विविध क्षेत्रमा अध्ययन र तालिमको अवसर प्रदान गर्दै आएको छ ।

एसइइ परीक्षा उत्तीर्ण टिएसइइ र डिप्लोमा गरी करिब ४५ हजारभन्दा बढीले सिटिइभिटीअन्तर्गत देशका विभिन्न क्षेत्रमा छरिएर बसेका शिक्षण संस्थामार्फत प्राविधिक शिक्षाको अध्ययन गर्ने अवसर छ । सिटिइभिटीअन्तर्गतका ३ सय ३१ संस्थाबाट विभिन्न प्राविधिक क्षेत्रमा १८ हजार विद्यार्थीले डिप्लोमा कोर्स अध्ययन गर्न पाउने सुविधा प्रदान गरेको छ ।

त्यस्तै २ सय ८० सम्बन्धन प्राप्त निजी संस्थाले पनि विभिन्न प्राविधिक कोर्स सञ्चालन गरिए तापनि पर्याप्त देखिएको छैन । हाम्रो जस्तो भौगोलिक विकटता र सामाजिक आर्थिक विभिन्नता भएको देशमा गुणस्तरीय प्राविधिक शिक्षामा सहज पहुँचको सुनिश्चितताका लागि सरकारले विशेष ध्यान दिन विलम्ब भैसकेको छ ।

विगत वर्षहरूमा साधारण शिक्षामा मात्र जोड दिँदा शिक्षण संस्था शैक्षिक बेरोजगार उत्पादन गर्ने कारखानाका रूपमा चित्रित भएका थिए । तर पछि विद्यालय तहदेखि नै प्राविधिक धारका आधारभूत ज्ञान र सिप प्रदान गर्ने समयानुकूल सकारात्मक नीति राज्यले लिएको पाइन्छ । दिन/प्रतिदिन ऊर्जाशील युवा जनशक्ति रोजगारीका लागि विदेशिनु देशका लागि कदापि शुभ संकेत होइन ।

रोजगारीका लागि नेपाली युवाहरू भौतारिँदै कस्तूरीले आफूमा भएको सुगन्धको ज्ञान नभएर कहाँबाट बास्ना आयो भन्दै भौतारिएर हिँडेजस्तै मृगतृष्णाका रूपमा आफ्नै देशमा उपलब्ध पेसा अंगाल्न हिच्किचाउँदै हजारौँ, लाखौँ रुपियाँ खर्च गरेर खाडी मुलुकको प्रचण्ड गर्मीमा जोखिमपूर्ण वातावरणमा तरकारी, फलफूल खेती, भेडा चराउने, गधा जोत्ने जस्ता कृषिजन्य काम गर्न तँछाडमछाडका साथ पुगेका छन् ।

अर्कोतर्फ छिमेकी देशहरूबाट रोजगारिका लागि नेपाल आएर फलफूल, तरकारी र अन्य सामान बेच्न सहर बजारमा मात्र नभएर विकट गाउँहरूमा पनि छ्यापछ्याप्ती पुगेका पाइन्छ। तर गर्वका साथ त्यही काम स्वदेशमा नेपालीले किन गर्दैनन्? त्योभन्दा तल्लो स्तरको काम गर्न मुङ्लान नै पस्नुपर्ने किन ? यस्तो मनोवैज्ञानिकतालाई कसरी परिवर्तन गर्न सकिएला ? आफ्नो देशमा रोजगारी नपाएमा चारैतिर अभावै अभावबाट छटपटिइ निराश भई विरक्तिएर विदेशिएका नेपाली झन कष्टकर, अमानविय व्यवहार सहन बाध्य भएर विचल्लीमा परेको समाचार छापामा बग्रेल्ती पाइन्छ ।

यसरी तावाबाट उम्केको माछा भुंग्रोमा परेर तड्पिएको चरितार्थ त्यहाँ पाइन्छ। त्यही पेसा स्वदेशमा गर्दा र विदेशमा गर्दा समाजको र व्यक्तिको हेराइमा फरक हुनाको कारण के हो? हाम्रो शिक्षाले विदेशिने जनशक्तिलाई स्वदेशमा नै प्रयोग गर्न के गर्नुपर्ला? आदि प्रश्नको विश्लेषणबाट सार्थक निष्कर्षमा पुग्न विलम्ब गर्नु हुँदैन। शिक्षालाई गुणस्तरीय जनमुखी, प्रगतिशील जीवनोपयोगी आदि विशेषणबाट सम्बोधन गरिएको पाइन्छ ।

गुणस्तर प्राप्ताङ्कका आधारमा निर्क्योल गर्ने प्रचलन प्रशस्तै छ। जसको कारणबाट आमा बुबाको अर्थ नबुझ्ने तर ड्याड ममको संस्कारमा हुर्कने, दूध कहाँबाट आँउछ भन्दा डेरीबाट भन्ने गाई भैँसीको जानकारी नराख्ने, कृषिमा हलो, फाली, करुवा दाँते आदिबारे जानकारी नहुने सैद्धान्तिक ज्ञान मात्र भएको तर अल्पव्यावहारिक ज्ञान भएका नागरिकभन्दा आफ्नो परिवेशलाई समेत साक्षत्कार गर्ने/गराउने गरेर सिक्ने खालको शिक्षा अवलम्बन गरिनुपर्छ।

शिक्षाले व्यवहारमा परिवर्तन ल्याउनुपर्छ। माछा मारेर खुवाउने भन्दा पनि माछा मार्न सिकाउने खालको जाँगरिलो पौरखी शिक्षा हुनुपर्दछ । अत: दैनिक जीवनमा प्रयोग गर्ने विषय र विधि सिकाउने खालको शिक्षा हुनुपर्छ । कुनै व्यक्तिको प्रमाणपत्रको प्राप्ताङ्क भन्दा पनि उसले देखाउने बानी व्यवहार, चालचलन र चरित्रका आधारमा गुणस्तरीय शिक्षा परिभाषित हुनुपर्दछ ।

हाम्रो मूल्यांकन पद्धति कसरी विश्वसनीय र वस्तुनिष्ठ बनाउन सकिन्छ भन्ने चिन्ता र चिन्तन गर्नुपर्ने देखिन्छ । किनकि सय पूर्णाङ्कमा सरदर ३२ प्रतिशत मात्रै विषयवस्तु जानेमा उत्तीर्ण हुने पद्धति पुनरावलोकन गरिनुपर्छ। त्यसप्रकारको परीक्षाबाट पनि सरदर ५२ प्रतिशत अंक मात्रै विद्यार्थीले प्राप्त गरेको अध्ययन/अनुसन्धानले पुष्टि गरेको छ। कतिपय विषयमा पूर्णाङ्क प्राप्त गर्नु आठौँ आश्चर्य भएको छ ।

अर्कोतर्फ कतिपय विशिष्ट श्रेणीमा उतीर्ण भएकाहरू जसलाई उच्च गुणस्तर भनिन्छ, उनीहरूको अपेक्षाकृत व्यवहार सकारात्मक भएको देखिन्न। त्यसकारण सिर्जनशील, लगनशील, प्रतिस्पर्धी, उत्साही, ऊर्जाशील, सफल नागरिक बनाउने खालको व्यावहारिक पौरखी शिक्षा आजको आवश्यकता हो ।

यसका लागि श्रमप्रति सम्मान जगाउने धारणा विकास गराउनुपर्दछ । पौरखी नागरिक बनाउन वर्तमान शैक्षिक पद्धतिलाई विद्यार्थीकेन्द्रित गरिनुपर्छ। त्यस्तै विद्यालयको वातावरण विद्यार्थीको जीवन पद्धति र अनुभवलाई सम्बोधन गर्ने खालको हुनुपर्दछ । पौरखी नागरिक बन्ने अभ्यास विद्यालयमा आयोजना गरिने क्रियाकलापमा विद्यार्थीको अधिकतम संलग्नतामा सम्पन्न गर्ने नीतिलाई प्राथमिकता दिइनुपर्दछ ।

साथै उनीहरूको पारिवारिक, आर्थिक, सामाजिक सांस्कृतिक मूल्य/मान्यता, संस्कार एवं भावना आदिलाई मध्यनजर राखेर शैक्षिक नीति तर्जुमा गरिनुपर्दछ । राज्यले तोकेको पाठ्यक्रमका अतिरिक्त तीव्र गतिमा परिवर्तन आएको विज्ञान र प्रविधिलाई विद्यालयमा प्रवेश गराउनुपर्दछ। जसले विद्यार्थीलाई भविष्यमा स्वरोजगार भै बाँच्न प्रेरित गर्न सकोस् ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को

अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :




१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौ।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :




१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल

०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## लुभुघाट बस दुर्घटनामा निधन भएका परिवारलाई सुनापति गाउँपालिकाद्वारा ३० हजार आर्थिक सहयोग गर्ने निर्णय

रामेछाप । सुनापति गाउँपालिका-५ लुभुघाटमा हिजो बस दुर्घटनामा परी निधन भएका पालिकाभित्रका मृतकका परिवारलाई सुनापति गाउँपालिकाले तीस हजार रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरेको हो । आज गाउँपालिकाको केन्द्र हिलदेवीमा बसेको बैठकले मृतक परिवारलाई जनही ३० हजार रुपैयाँका दरले दाहसंस्कार खर्च उपलब्ध गराउने भएको हो ।

सुनापति गाउँपालिकाका अध्यक्ष ठूलोकान्छा तामाङले पालिकालाई अपुरणिय क्षति भएको बताउदै दु:खको यस घडीमा मृतकका परिवारलाई तीस हजार रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरिएको रामेछाप न्युजलाई बताए । उनले अस्पतालमा उपचारत घाइतेहरुको उपचारमा कुनै पनि कमी हुन नदिने गरी आफूहरुले समन्वयकारी भूमिका समेत निर्वाह गरिरहेको बताए । अध्यक्ष तामाङले दुर्घटनापछिको उद्धारमा लागेको खर्च पनि पालिकाले बेहोर्ने निर्णय गरेको जानकारी दिए ।

सुनापति गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमलराज श्रेष्ठले लुभुघाट घटनाबाट पाठ सिकेर पालिकाभित्रका चालकहरुलाई सावधानी अनाएर मात्र सवारी चलाउनु पर्ने बताए । उनले भने,'पालिकाको लागि ठूलो क्षति भएको छ, कतिपय अवस्थामा चालक जिम्मेवार बन्दा मात्र ठूलो जनधनको क्षति हुनबाट रोक्न सकिन्छ ।' श्रेष्ठले यातायात समितिबाट मृतक परिवारले पाउने क्षतिपूर्ति र घाइतेले पाउने उपचार सेवा छिटो भन्दा छिटो उपलब्ध गराउन पहल र अनुगमन गरिने बताए ।

गत मगलबार सुनापति गाउँपालिकाको केन्द्र हिलेदवीबाट काठमाडौंतर्फ जाँदै गरेको अरनिको यातायातको बा ३ ख ८३९६ नंम्बरको बस खनियापानी लुभुघाटमा दुर्घटना १३ जनाको मृत्यु भएको थियो ।

## रामेछाप नगरपालिकाको आव २०७८/०७९ को सार्वजनिक सुनुवाई सम्पन्न

रामेछाप नगरपालिकाको चालु आर्थिक बर्ष २०७८/०७९ मा संचालित विकास आयोजना तथा कार्यक्रमहरुको प्रभावकारीता तथा सेवा प्रवाहको अवस्था विषयक सार्वजनिक सुनुवाई कार्यक्रम आज सम्पन्न भएको छ । सार्वजनिक सुनुवाई कार्यक्रममा नगरपालिकाका सुचना अधिकारी होम बहादुर थापाले नगरको समग्र प्रगति प्रतिवेदन सहित आर्थिक क्षेत्रमा सम्पन्न योजना विवरण जानकारी गराउनु भएको थियो ।

सुचना अधिकारी थापाले आर्थिक बर्ष २०७८/०७९ मा नगरपालिका मार्फत स्वास्थ्य,पूर्वधार विकास,कृषि विकास, सामाजिक सुरक्षा तथा पन्जिकरण कार्यक्रमको प्रगति, शिक्षा युवा तथा खेलकुद शाखा, सुचना प्रविधि, खानेपानी तथा सरसफाइ, पशु सेवा शाखा, प्राविधिक शाखा, सडक निर्माण, खानेपानी निर्माण, सिचाइ निर्माण, राजश्व संकलन, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा, प्रधानमन्त्री रोजगार कार्यक्रम, न्यायिक समितिको प्रगति र मेडपा लघुउधम बिकासमा भएको प्रगति प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । सार्वजनिक सुनुवाईमा प्रगति प्रतिवेदन प्रस्तुत पछि सहभागी सबैले जिज्ञासा सहित सुझाव सल्लाह दिएका थिए । कार्यक्रममा सहभागी नागरीकहरुले शिक्षा,स्वास्थ्य,कृषि,सडक,पशुपालन,सिप मुलक तालिम लागयत नगरपालिकासँग जोडिएका विभिन्न विषयवस्तुरुमा रहेर प्रश्न गरेका थिए ।

नागरीकहरुले सोधेको प्रश्नको जवाफ रामेछाप नगरपालिकाका प्रमुख लवश्री न्यौपाने,प्रमुख प्रशासकिय अधिकृत रामचन्द्र लामगादे लगायतका सम्बन्धित वडाका वडाअध्यक्षहरुले दिएका थिए ।

सार्वजनिक सुनुवाइ कार्यक्रमका रामेछाप नगरपालिकामा रहेका विभिन्न कार्यालयका प्रमुख एवं प्रतिनिधी,विभिन्न राजनीतिक दलका प्रमुख एवं प्रतिनिधी,९ वटै वडाका वडाअध्यक्ष,पत्रकार,नगरपालिकाका कर्मचारी,नागरीक लगायतको उपस्थिती रहेको थियो ।

## चोरी गर्ने रामेछाप दोरम्बा शैलुङ गाउँपालिका २ जना पक्राउ

काठमाडौं । काठमाडौं उपत्यकाभित्र दिनको समयमा घरमा मानिस नभएको मौका पारी चोरी गर्ने गिरोहका ६ जना पक्राउ परेका छन् ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले उनीहरूलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा काठमाडौं बस्दै आएका ४७ वर्षीय अमित बहादुर श्रेष्ठ, फर्पिङ बस्ने बुद्ध वीर तामाङ, मिलन थापा मगर, रामेछाप शैलुङ दोरम्बा गाउँपालिका -१ का निरज थापा मगर, विशाल थापा मगर र सचिन विश्वकर्मा छन् । उनीहरूले ढोका फोडी नगद, मोबाइल तथा सुन चाँदीका गर-गहना चोरी गर्दै आएको खुलेको छ । उनीहरूले गोकर्णेश्वर नगरपालिका- ६ नारायणटारको एक घरबाट चोरी गरेको खुलेको छ ।उनीहरूले चोरी गरेका मोबाइलहरू नयाँ बानेश्वरस्थित अमित बहादुर श्रेष्ठको मोबाईल पसलमा बिक्री गरेको तथा सुनका गर-गहनाहरू काठमाडौं महाराजगञ्जस्थित पञ्चरत्न सुनचाँदी पसलमा लगी सचिन विश्वकर्मालाई बिक्री गरेको खुलेको छ । उनीहरूको साथबाट मोबाइल, सुनका सिक्री, ब्रासलेट, औंठी, लकेट लगायत सामग्री बरामद भएको प्रहरीले जनाएको छ ।

## रामेछाप नगरपालिकाद्वारा ३० जना उत्कृष्ट कृषकलाई सम्मान

रामेछाप नगरपालिकाले उत्कृष्ट कृषकहरुलाई सम्मान गरेको छ । नगरपालिकाले नगरभरीका ३० जना उत्कृष्ट कृषकलाई सम्मान गरेको हो । कृषि र पशुपालन व्यवसायमा आबद्ध भएर उत्कृष्ट काम गरेका ३० जना कृषकहरुलाई सम्मान गरिएको रामेछाप नगरपालिका कृषि शाखाले जानकारी दिएको छ । नगरपालिकाले उत्कृष्ट ३० जना कृषकलाई जनही २० हजार रुपैँया सहित सम्मान पत्र प्रदान गरेको हो । रामेछाप नगरपालिकाका प्रमुख लवश्री न्यौपाने,उपप्रमुख बाल कुमारी कार्की र प्रमुख प्रशासकिय अधिकृत रामचन्द्र लामगादेले कृषकहरुलाई खादा ओढाएर सम्मान पत्र र चेक हस्तान्तरण गर्नुभयो । नगरपालिकाले उत्कृष्ट कृषक छनोट गरेर सम्मान गरेकोमा निकै खुशी लागेको रामेछाप नगरपालिका ७ का कृषक जिवन मगरले बताउनुभयो । सम्मान पाएसँगै आफुलाई कृषि र पशुपालनमा लाग्ने थप प्रेरणा मिलेको उहाँको भनाई छ ।

# कामना सेवा विकास बैंकद्वारा एकैपटक तीन शाखारहित बैकिङ सेवा

काठमाडौं । कामना सेवाविकास बैंक लिमिटेडले देशका विभिन्न स्थानहरुमा सर्वसुलभ तथा अत्याधुनिक बैंकिङ्ग सेवा पुऱ्याउने उद्देश्यका साथ थप नयाँ स्थानहरूमा मोबाइल एपमार्फत शाखारहित बैंकिङ्ग सेवा शुभारम्भ गरेको छ । बैंकले सेवाविस्तार गर्ने क्रममा मिति २०७९ साल आषाढ २६ गते आईतबारबाट मोरङ्ग जिल्लाको केराबारी गा.पा. वडा नं. १० को थापाटारमा, सुन्दर हरैंचा न.पा. वडा नं. १२ शुक्रबारेमा र झापाजिल्लाको बुद्ध शान्तिगा.पा. वडा नं. ०१ को नमुनाचोकमा शाखारहित बैंकिङ्ग सेवा सञ्चालनमा ल्याएको उल्लेख गरेको



छ ।

मोरङ्ग जिल्लाको केराबारी गा.पा वडा नं. १० थापाटार स्थित केराबारी भ्यु होटल एण्ड बार (प्रो. धनबहादुर लिम्बु), सुन्दर हरैंचा न.पा वडा नं. १२ शुक्रबारे स्थित आरजु कस्मेटिक एण्ड रेडिमेड (प्रो. राजनभगत) र झापा जिल्लाको बुद्ध शान्तिगा.पा. वडा नं. ०१ नमुनाचोक स्थित बबि सप्लायर्स (प्रो. नन्दकुमार याफु राई)लाई शाखा रहित बैंकिङ्ग सञ्चालनको लागि व्यावसायिक प्रतिनिधि नियुक्त गरिएको छ ।

मोरङ्ग जिल्लाको केराबारी गा.पावडा नं. १०का वडा अध्यक्ष पुर्ण बहादुर मगरले थापटारमा, सुन्दर हरैंचा न.पा. वडा नं. १२ का वडा अध्यक्ष रोशन प्रसाद ढकालले शुक्रबारेमा र झापा जिल्लाको बुद्ध शान्तिगा.पा. वडा नं. ०१ का वडा अध्यक्ष अनिल वाग्लेले नमुमाचोकमा शाखा रहित बैंकिङ्ग सेवाको समुद्घाटन गरी सेवा शुभारम्भ गरेका थिए । कार्यक्रममा व्यावसायिक प्रतिनिधि, स्थानीय महानुभावहरुका साथै बैंकका अन्य कर्मचारीहरुको उपस्थिती रहेको उल्लेख छ । शाखा रहित बैंकिङ्गमार्फत खाता खोल्ने, निक्षेप संकलन, रकम भुक्तानी, विभिन्न बिल भुक्तानी लगायतका सुविधाहरु प्रदान गरिने बैंकले उल्लेख गरेको छ । यो सेवाबाट ग्रामीण तथा बैंकिङ्ग पहुंच नपुगेका क्षेत्रमा बैंकप्रति उल्लेख्य विश्वास एवं बैंकिङ्ग अवधारणाको विकास हुने अपेक्षा बैंकले लिएको उल्लेख गरेको छ ।

## ज्योति विकास बैंकको धुलाबारी र अत्तरिया शाखा उद्घाटन

ज्योति विकास बैंकले सोमबार धुलाबारी र अत्तरियामा दुई नयाँ शाखाको औपचारिक उद्घाटन गरेको छ। बैंकिङ्ग पहुंच थप विस्तार गर्दै आफ्ना सेवाहरू सहज रूपमा ग्राहकसमक्ष पुऱ्याउने उद्देश्यले बैंकले नयाँ शाखाहरू सञ्चालनमा ल्याएको हो ।




मेचीनगर नगरपालिका वडा नं. १०, झापास्थित धुलाबारी शाखाको समुद्घाटन बैंकका पुर्व अध्यक्ष तथा बैंकका संस्थापक शेयरधनी ध्रुब कुमार उप्रेती र बैंकका अध्यक्ष हरि चन्द्र खड्काले संयुक्त रुपमा गर्नुभएको थियो ।

साथै, गोदावरी नगरपालिका वडा नं .२, कैलालीस्थित अत्तरिया शाखाको समुद्घाटन गोदावरी नगरपालिका मेयर श्री विरेन्द्र भट्ट र बैंकका संस्थापक शेयर धनी तथा साबिक राप्तीभेरी विकास बैंकका अध्यक्ष श्री प्रेम बहादुर भण्डारीले संयुक्त रुपमा गर्नुभएको थियो ।

उद्घाटन समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री श्रीचन्द्र भट्ट लगायत विभिन्न पदाधिकारी र कर्मचारीहरु, ग्राहकवर्ग तथा स्थानीय व्यवसायीहरुको पनि उपस्थिति रहेको थियो ।

नयाँ शाखाहरुको उद्घाटन अवसरमा बैंकले धुलाबारी र अत्तरिया शाखाका ग्राहकहरुको निमित्त शुन्य मौज्दातमै त्तत ऋयमभ, निःशुल्क डलर कार्ड जारी, निःशुल्क डिम्याट खाता, निःशुल्क मेरोसेयर रजिस्ट्रेशन, निःशुल्क डेबिट कार्ड, निःशुल्क मोबाईल बैंकिंग सेवा, निःशुल्क इन्टरनेट बैंकिंग सेवा , सबै मुद्दती निक्षेपहरुमा मासिक ब्याज भुक्तानी ,कर्जा सेवा शुल्कमा ०.२५% छुट लगायत विभिन्न सुविधाहरु प्रदान गर्ने भएको छ ।

## बैंक अफ काठमाण्डूका तीन जना संचालकको पदावधी थप

बैंक अफ काठमाण्डू लिमिटेडका ३ जना संचालकको पदावधी थप भएको छ । बैंकले नेप्से मार्फत एक सूचना प्रकाशित गर्दै तीन संचालकको पदावधी अर्को निर्णय नभएसम्मका लागि थप गरेको जानकारी दिएको हो ।

असार २४ गते बसेको संचालक समितिको बैठकले संचालक समितिमा संस्थापक शेयरधनी समूहको तर्फबाट प्रतिनिधित्व गर्ने प्रकाश श्रेष्ठ, राधेश पन्त, बिजय कुमार श्रेष्ठको पदावधी थप गरेको हो ।

तीनै जनाको पदावधी असार २७ गते पुरा हुन भएको हुँदा प्रचलित कानून बमोजिम पुन निर्वाचन नभएसम्मको अवधि वा अर्को व्यवस्था नभएसम्म वा वार्षिक साधारण सभा नभएसम्म निरन्तरता दिने निर्णय गरेको हो ।

# एन आई सी एशियामा खाता खोलेका ३ ग्राहकलाई बीमा भुक्तानी

काठमाडौं । एन आई सी एशिया बैंकले सर्वश्रेष्ठ बचत खाता योजना अन्तर्गत बैंकमा बचत खाता खोलेका ३ जना ग्राहक महानुभावहरुलाई घातक रोगको बीमा वापत प्रतिव्यक्ति रू. १० लाखको दरले कुल रू. ३० लाख बीमा रकम भुक्तानी गरेको छ । बीमा लाभ प्राप्त गर्नेमा यस बैंकको स्वयम्भु शाखामा




सर्वश्रेष्ठ बचत खातो हरिन्द्र शाह तेली, जाजरकोट शाखामो प्रचण्ड जंग शाह र सञ्जित तामाङ रहेका छन् । निज लाभदायीहरुलाई बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत सन्तोष कुमार राठीले र चिफ स्ट्राटेजी अफिसर विशाल सिग्देले संयुक्त रुपमा एक कार्यक्रमका बिच बीमा रकम बराबरको चेक हस्तान्तरण गरेका थिए । बैंकले नेपाल इन्स्योरेन्ससँगको सहकार्यमा बीमा रकम भुक्तानी गरेको हो ।

यस बैंकको बचत खातामा उपलब्ध बीमा सुरक्षण योजनाअन्तर्गत हालसम्म देशभरका १,१३७ जना भन्दा बढी ग्राहक महानुभावहरूले घातक रोग बीमा वापत रू. २ करोड ४० लाख, दुर्घटना बीमा वापत रू. ४० लाख र मेडिकल बीमा वापत रू. २ करोड ६९ लाख गरी कुल रू. ५ करोड ४९ लाख भन्दा बढी बीमा रकम प्राप्त गरिसकेका छन् । बैंकले हाल सर्वाधिक उच्च ब्याजदर, पाँच वर्षसम्म निःशुल्क रू. ८४ लाखसम्मका ३ बीमा (१८ वटा घातक रोगहरूको बीमा, दुर्घटना बीमा र मेडिकल बीमा) सम्बन्धी सर्वश्रेष्ठ फाइदाहरू, ३ कर्जा सम्बन्धी सर्वश्रेष्ठ फाइदाहरू र १८ अन्य अतुलनीय सर्वश्रेष्ठ फाइदाहरू गरी कुल २४ सर्वश्रेष्ठ फाइदाहरू भएको सर्वश्रेष्ठ बचत खाता ग्राहक महानुभावहरू सामु ल्याएको छ । यस बचत योजना अनुसार ग्राहक महानुभावले प्राप्त गर्ने बीमा, कर्जा सम्बन्धी सुविधाहरू लगायत डेबिट कार्ड, मोबाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, क्रेडिट कार्ड, प्रिपेड डलर कार्ड, डिम्याट खाता, मेरो शेयर खाता, ई-कमर्श नवीकरण, चेक क्लियरिङ, आरटिजिएस, आइपिएस/सी आइपिएस/फन्ड ट्रान्सफर, लकर मार्जिन, लकर सेवा र एटिएम सेवाहरू ग्राहक महानुभाव एवं निजले मनोनित गर्नुभएका अन्य ३ व्यक्तिहरूका लागि समेत पाँच वर्षको लागि पूर्ण रुपमा निःशुल्क हुने व्यवस्था बैंकले गरेको उल्लेख छ ।

## नेपाल बंगलादेश बैंकका ६२ कर्मचारीले रोजे स्वच्छिक अवकास

मर्जरमा सहभागी हुन नचाहने नेपाल बंगलादेश बैंकमा कार्यरत ६२ कर्मचारीले स्वच्छिक अवकास रोजेका छन् । हालसम्म नेपाल बंगलादेश बैंकमा कार्यरत ६२ जनाले स्वेच्छिक अवकाश रोजेका छन् । मर्जर सम्झौतापश्चात् एनवी बैंकले स्वेच्छिक अवकासको योजना ल्याएको थियो । डेपुटी सीइओ सुरेन्द्र भुषण श्रेष्ठ र




डीजीएम सलोनी सिंहले मर्जरमा सहभागी नभई स्वेच्छिक अवकाशको बाटो रोजेका छन् । एनवी बैंकले तल्लो तहमा कार्यरत मेसेन्जर तथा सवारी चालकको लागि ३० महिना तथा त्यौभन्दा माथिल्लो तहका कर्मचारीलाई २४ महिना, सहायक तहका लागि २१ महिनाको तलव अधिकृत तहको लागि १८ महिनाको तलव र कार्यकारी तहका कर्मचारीको लागि १५ महिनाको तलव एकमुष्ठ दिने योजना स्वेच्छिक अवकास सम्बन्धी योजना ल्याएको थियो ।नबिल बैंकमा मर्जरमा जान लागेको बैंकले ६२ जना बाहेक अन्य सबै कर्मचारी लिएर आजबाट एकीकृत कारोवार गर्दैछ ।

## नेपाल बैंकको एटिएम ओखलढुगांमा

नेपालको पहिलो बैंक नेपाल बैंक लिमिटेडले ग्राहकहरुको सुविधाको लागी ओखलढुगां शाखामा एटिएम मेसिन सञ्चालनमा ल्याएको छ । बैंकले ओखलढुगां जिल्ला सदरमुकाम सिद्धिचरण नगरपालीका १२ भैरवटोलस्थित आफ्नै शाखा मातहत रहने गरी असार २३ गतेबाट एटिएम सञ्चालनमा ल्याएको हो । शाखा कार्यालय ओखलढुगां भएको उद्घाटन समारोहमा एटिएम मेसिनको उद्घाटन सिद्धिचरण नगरपालीकाका बर्तमान नगर उपप्रमुख केदार बाबु बस्नेतले रिबन काटेर गर्नुभएको थियो । समारोहमा सिद्धिचरण नगरपालीका प्रमुख प्रशासकीय अधिकृत विनोद कुमार दाहाल, नेपाल ईन्सोरेन्स कम्पनीका ओखलढुगां शाखाका शाखा प्रमुख भूपेन्द्र पराजुली लगायत अन्य बुद्धिजीवी, व्यापारी, तथा सर्वसाधारणको बाक्लो उपस्थिति रहेको थियो । कार्यक्रममा बोल्दै नगर उपप्रमुख बस्नेतले जिल्ला सदरमुकाममा सञ्चालनमा आएको एटिएम सेवाले बैंकिङ कारोबार सहज र सरल हुने साथै नागरीकले अझ सुविधायुक्त ढंगबाट वित्तीय कारोबार गर्न सक्ने विश्वास व्यक्त गर्नुभयो भने बैंकका शाखा प्रबन्धक सरोज कटुवालले बैंकिङ सेवाहरुको डिजिटलाईजेसन मार्फत वित्तीय साक्षरता अभिवृद्धी गर्दै गुणस्तरीय सेवा प्रदान गर्न नेपाल बैंक सदैव प्रतिवद्ध रहेको कुरा व्यक्त गर्नुभयो । नेपालभर २१३ शाखाहरु, १७९ एटिएम मेसिन साथै ४९ वटा एक्टेन्सन काउन्टर मार्फत करिब २१ लाख ग्राहकहरुलाई वित्तीय सेवा पुर्याइरहेको यो बैंक हाल ग्राहक सेवामा व्यापक सुधार गरी आधुनिक बैंकिङ्ग प्रविधि मार्फत बैंकिङ्ग सेवा सुविधा प्रदान गर्दै प्रतिस्पर्धि रुपमा अगाडि बढिरहेको छ ।

विगत केहि बर्षयता बैंकले छिटोछरितो र गुणस्तरीय ग्राहक सेवामा मुख्य जोड दिई युवा जनशक्ति मार्फत हाल ८५ औं बर्षमा अनवरत रुपमा नेपाल राज्यभर बैंकिङ्ग सेवा प्रदान गरिरहेको छ ।

# अर्थ संसार

## धौलागिरी लघुवित्तले शेयर निष्काशन अनुमति पायो

काठमाडौं । धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेडले आईपिओ निष्काशन अनुमति पाएको छ । नेपाल धितोपत्र बोर्डले असार २४ गते शुक्रबार वित्तीय संस्था लिमिटेडलाई शेयर निष्काशन अनुमति प्रदान गरेको हो । बोर्डको अनुमति पाएसँगै लघुवित्तले ३ करोड ३१ लाख रुपैयाँ बराबरको

धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड
Dhaulagiri Laghubitta Bittiya Sanstha Limited
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत पत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

३ लाख ३१ हजार कित्ता साधारण शेयर निष्काशन गर्ने भएको छ । साधारण शेयर निष्काशनको लागि लघुवित्तले सन्राइज क्यापिटल लिमिटेड, कमल पोखरी, काठमाडौंलाई धितोपत्र बिक्रि प्रबन्धकको रुपमा यस अघि नै तोकि सकेको उल्लेख गरेको छ । वित्तीय संस्थाको जारी पूँजी १० करोड ३१ लाखको ३२.१०४७५३ प्रतिशत बराबरको साधारण शेयर निष्काशन गर्न लागेको हो । राष्ट्रिय स्तरको कार्यक्षेत्र रहेको दावी गर्दै वित्तीय संस्थाले बाग्लुङ नगरपालिका–२, श्रीनगर टोल, बाग्लुङ्गमा रजिष्टर्ड कार्यालय मार्फत आफ्नो कारोबार संचालन गर्दै आइरहेको उल्लेख गरेको छ । वित्तीय संस्थाले आफ्नो ४४ वटा शाखा कार्यालहरु र २ वटा उपशाखाहरु स्थापना गरी सेवाग्राहीहरुलाई लघुवित्त कारोबार गर्दै आइरहेको उल्लेख छ ।

## नेपाल इन्भेष्टमेन्ट बैंकले ग्राहकलाई सेवा दिन गर्‍यो सम्झौता


काठमाडौं । नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको पूर्ण स्वामित्वमा रहेको एनआईबीएल एस क्यापिटल लिमिटेड र उपायबिजनेस सोलुसन प्रा. लि बीच आफूले दिइरहेको सेवाहरुमा समन्वय गरेर दुवै संस्थाका ग्राहकहरु लाभान्वीत हुनेगरी सहकार्य गर्ने समझदारी पत्रमा हस्ताक्षर भएको छ ।



उक्त समझदारी पत्रमा एनआईबिएल एस क्यापिटल लिमिटेडको तर्फबाट नायब महाप्रबन्धक सचिन्द्र ढुंगाना र उपाय बिजनेस सोलुसन प्राइभेट लिमिटेडको तर्फबाट महाप्रबन्धक राजु के .सी ले संयुक्त हस्ताक्षर गरेका छन् । सम्झौता पश्चात दुवै संस्थाका ग्राहकहरुको व्यवसायि जटिलताको वृहत रुपमा समस्या समाधान गर्नुका साथै धितोपत्र बजार तथा लगानी सम्बन्धि सम्पूर्ण सेवाहरु समेत प्रभावकारी रुपमा ग्राहकहरुलाई उपलब्ध गराइने भएको छ । भविष्यमा दुवै संस्थाका सहकार्यमा धितोपत्र बजार र लगानी सम्बन्धि सचेतनामूलक कार्यक्रमहरु पनि विभिन्न चरणमा संचालन गरिने समेत जानकारी गराइएको छ ।

## प्रभु क्यापिटल लिमिटेडको मोबाइल एप लन्च

प्रभु क्यापिटल लिमिटेडले प्रभु क्यापिटल डिजिटल एप निर्माण गरी सञ्चालनमा ल्याएको छ । क्यापिटलले प्रदान गर्ने विभिन्न सेवाहरुलाई ग्राहकहरुले छिटो, छरितो तथा सहज तरिकाबाट प्राप्त गर्न सक्नुहोस् भन्ने उद्देश्यका साथ एप सञ्चालनमा ल्याएको हो । यस मोबाइल एपबाट ग्राहकहरुले अनलाइनबाटै हितग्राही खाता तथा मेरो शेयर अनलाइन सेवाका लागि आवेदन दिन, भिडियो केवाइसी गर्न, हितग्राही खाताको विवरणहरु परिवर्तनका




लागि निवेदन दिन, हितग्राही खाता तथा मेरो शेयरको नविकरण शुल्क भुक्तानी गर्न, मेरो शेयरको पासवर्ड परिवर्तन गर्न निवेदन तथा हितग्राही खाताको स्टेटमेन्ट माग गर्न सक्नुहुनेछ । यस्तै मोबाइल एपबाट लगानी व्यवस्थापन सेवामा जोडिनको लागि उपलब्ध योजनामा आवेदन दिन सकिने सुविधा पनि यो एपमा रहेको छ । यस मोबाइल एपबाट ग्राहकहरुले नेपाल स्टक एक्सचेन्जमा कारोबार हुने कम्पनीहरुको कारोबारको विवरण तथा विभिन्न परिसूचकको अवस्थाको बारेमा हेर्न पाउने सुविधा रहेको छ । ओम्निच्यानल प्रविधि प्रयोग गरेर बनाइएको यस एपबाट ग्राहकहरुले प्रभु क्यापिटलमा अनलाइनबाटै डिम्याट खाता खोल्नुका साथै आफूलाई पायक पर्ने समयमा भिडियो केवाइसिको लागि समय लिई सो समयमा भिडियो केवाइसि सम्पन्न गर्न सक्नुहुनेछ । यसका साथै आफ्नो डिम्याट खातालाई लिंक गरेर डिम्याट खाता तथा मेरो शेयर सम्बन्धी सम्पूर्ण सेवा मोबाइलबाटै लिन सक्नुहुनेछ । प्रभु क्यापिटलले नेपाली पूँजीबजारको क्षेत्रमा सदैव नयाँ नयाँ प्रविधिको विकास गरी नवप्रवर्तन तथा ग्राहकहरुलाई सहजीकरण गर्दै आएको छ । यो प्रविधिको प्रयोगबाट प्रभु क्यापिटलका ग्राहकहरुले प्रभु क्यापिटलबाट प्राप्त गर्ने अन्य विभिन्न सेवाहरुको बारेमा जानकारी प्राप्त गर्नुका साथै विभिन्न सेवाहरु प्राप्त गर्न सक्नेछन् ।

# नेतृत्व तहमै छ नेपालको समस्या

बद्रिनरसिंह के.सी.

काठमाडौं । आफ्नो घर नियालेर हेर्न घरबाहिर निस्कनुपर्छ । त्यस्तै आफ्नो देश राम्ररी हेर्न देशबाहिर निस्कनु पर्दोरहेछ । सात समुद्रपारिबाट देखिने नेपाल र देशबाहिर बसेका नेपालीले आफ्नो मातृभूमिबारे गरेका सामयिक टीकाटिप्पणी नौलो र निकै रोचक लाग्ने गर्छ। आमअमेरिकी देशभक्त नै हुन्छन् । 'अमेरिका पहिलो' भन्ने कुरामा उनीहरू जिम्मेवारीपूर्ण सचेतता पनि देखाउँछन्। त्यही देशभक्तिको आँखाले, नेपाल भन्ने देशलाई माउन्ट एभरेस्ट भएको, बुद्ध जन्मेको, सजिला जनता, जैविक विविधता र ऊर्वर जमिन, हिमालको काखमा प्रशस्त पानी भएको, अन्न( फलफूल(तरकारी जे पनि फल्ने, तानाशाही शासन नभएको मुलुक भएर पनि तिमीहरूको मुलुक किन सधैं गरिब र अशक्त भएको? अब के पुगेन? भनेर सोध्नेहरूसँग पनि यहाँका रेस्टुरा वा पसलहरूमा बेलाबखत जम्काभेट हुने गर्छ ।

रिपब्लिकन पार्टीका स्थानीय सदस्य एकजना अमेरिकीले त्यसैगरी मलाई सोधेको, नेपाललाई प्रगति र समृद्धिका लागि कुन कुराले भाँजो हालेको छ ? भन्ने प्रश्नको चिन्तनलाई नै मैले यस आलेखको विषयवस्तु बनाएको छु ।

नेपालले 'लोकतान्त्रिक गणतन्त्र' भनिएको पहिचान र संविधानसभाले बनाइदिएको संविधान पाएको पनि अब दशकौं बितिसकेको छ । तर आज 'गठबन्धन सरकार' टिकाउन गरिएका खेलहरू जति सर्मनाक छन् त्योभन्दा पनि खतरनाक देखिएको छ । परिवर्तन बरदानका रूपमा आउला भनी आशा गर्ने जनता अभिशापका रूपमा पाएर निरास बनेका छन् । 'नयाँ नेपाल बनाउने' दाबीको प्रपोगन्डा मच्चाउँदै पृथ्वीनारायण शाहको सालिक भत्काउने सत्ता राजनीतिमा हावी भएकाहरू रक्सीले मातेर हृदयघात भई मृत्यु भएका छोराको सालिक स्थापना गर्न वा आफ्नी छोरीलाई सांसद उम्मेद्वार बनाउन केन्द्रित छन् । अब कुनै दिन उक्त सालिक बनाइएका छोराको मृत्यु भएको दिन नेपालमा राष्ट्रिय बिदा दिन बेर छैन ।

वर्तमान अर्थमन्त्री जुनसुकै पार्टीका होउन, उनले मन्त्रालयको सर्वोच्च नियमपूर्वक जिम्मेवारी बहन गर्नुको सट्टा जे-जस्ता अनियन्त्रित उद्दण्ड गतिविधि देखाइरहेका छन्, देशका लागि घातक र खतरनाक छन् । यी घटनाक्रमले देशभित्र र बाहिर समानान्तर अर्थतन्त्र निर्वाधरूपमा चलाइरहेका माफिया, तस्कर, कालोधनका नाइकेहरूको पहुँच र प्रभाव राख्ने हैसियत कति उच्च र राज्यसत्ताको कति माथिसम्म पुगिसकेछ, त्यसलाई खुलस्त देखाउँछ । सबभन्दा खतरनाक पक्ष आफ्नै क्याबिनेट मन्त्रीबाट बारम्बार भइरहेका यस्ता गतिविधिलाई प्रधानमन्त्री शेरबहादुर देउवाले देखे पनि नदेखे जस्तै वा केही नभएको जस्तै सहजरूपमा लिनुलाई औल्याउनै पर्छ। कांग्रेस सभापति पदबाट बिपीले एकपटक गुमेको प्रधानमन्त्री पद फेरि पाउन कुनै इच्छा गरेनन् । तर आज कांग्रेस सभापति पदमा बसेका प्रधानमन्त्री देउवा आफू बसेको त्यो पदको कुर्सी जोगाउन तल्लो स्तरमा झरेर आफ्ना मन्त्रीहरूले गरेको कुख्यात भ्रष्टाचारप्रति मौनता साँधेकाले भ्रष्टहरूको निरिह बन्धक बनेको प्रमाणित गरिरहेका छन् । 'सिद्धान्तसँग प्रधानमन्त्री पद साट्ने' दुस्साहस कांग्रेसका कुनै नेताहरूले विगतमा गरेनन्, जुन हर्कत आज देउवा निर्लज्जरूपमा गरिरहेका छन् । संघीयता र गणतन्त्रका नाममा आजको परिस्थिति बिपीले किमार्थ खोज्नुभएको थिएन ।

देशको वर्षभरिको आर्थिक नीति, सिद्धान्त, कार्यक्रम, सरकारको उच्च तहमा भएका निर्णय, राष्ट्रिय लक्ष्य तथा संकल्पसहित तर्जुमा गरिने वार्षिक बजेट राज्यको सबभन्दा गोप्य वस्तु हो। एउटा लोकतान्त्रिक मुलुकको राज्यधर्म त्यसको गोपनीयता जोगाउनु हो । अत्यन्त गोप्यरूपले तर्जुमा गरिने राष्ट्रिय बजेटलाई संसद्मा प्रस्तुत गर्नुभन्दा

**देशको वर्षभरिको आर्थिक नीति, सिद्धान्त, कार्यक्रम, सरकारको उच्च तहमा भएका निर्णय, राष्ट्रिय लक्ष्य तथा संकल्पसहित तर्जुमा गरिने वार्षिक बजेट राज्यको सबभन्दा गोप्य वस्तु हो। एउटा लोकतान्त्रिक मुलुकको राज्यधर्म त्यसको गोपनीयता जोगाउनु हो ।**

**अत्यन्त गोप्य रूपले तर्जुमा गरिने राष्ट्रिय बजेटलाई संसद् प्रस्तुत गर्नुभन्दा अघिल्लो राति कुनै वित्तीय माफियाको एजेन्ट गएर करका दरहरू र आर्थिक नीतिमा निर्देशन दिन्छ, अर्थ मन्त्रालयका सचिव तथा बजेट बनाउन क्वारेन्टिन ( सम्पर्क विच्छेद) मा बसेका उच्च कर्मचारीहरू त्यसलाई हस हजुर शैलीमा शिरोपर गर्न बाध्य हुन्छन् । प्रधानमन्त्री देउवा यस मामिलामा केही बोल्दैनन् । अनुसन्धानका क्रममा मागिएको घटनास्थलको सिसिटिभी फुटेज सूचनाको अधिकारअन्तर्गत दिइनुपर्नेमा आलटाले र नाटकी कुरा गरेर फुटेज नै लुकाइन्छ भने यो अपराधको दोषी कसलाई ठहराउने ?**

अघिल्लो राति कुनै वित्तीय माफियाको एजेन्ट गएर करका दरहरू र आर्थिक नीतिमा निर्देशन दिन्छ, अर्थ मन्त्रालयका सचिव तथा बजेट बनाउन क्वारेन्टिन ( सम्पर्क विच्छेद) मा बसेका उच्च कर्मचारीहरू त्यसलाई 'हस हजुर' शैलीमा शिरोपर गर्न बाध्य हुन्छन् । प्रधानमन्त्री देउवा यस मामिलामा केही बोल्दैनन् । अनुसन्धानका क्रममा मागिएको घटनास्थलको सिसिटिभी फुटेज सूचनाको अधिकारअन्तर्गत दिइनुपर्नेमा आलटाले र नाटकी कुरा गरेर फुटेज नै लुकाइन्छ भने यो अपराधको दोषी कसलाई ठहराउने ? जनप्रतिनिधिमूलक सत्तामा राज्य विरुद्धको यो स्तरको जघन्य अपराध हुने कारण के हो? यो प्रश्नमा जनप्रतिनिधि चयनको प्रक्रियालाई औल्याउनुपर्ने हुन्छ । जनताले पनि जनप्रतिनिधिहरू सत्पात्र हुनुपर्छ भन्नेमा यसपाली कुल ३७३ जना स्वतन्त्र उम्मेद्वारलाई विभिन्न पालिकाको मेयर वा अध्यक्ष, उपमेयर वा उपाध्यक्ष, वडाअध्यक्ष र वडा सदस्यहरूलाई निर्वाचित गरेको वास्तविकताले महत्वपूर्ण अर्थ राख्छ । सबै पार्टीले जनताको हितबमोजिम काम गर्न सक्ने भन्दा अनैतिक र आपराधिक काम गरेर पैसा कमाएको, निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष हुन नदिने चरित्रलाई नेताहरूले आफ्नो निकट र प्रिय पात्र बनाएको परिणाम निर्वाचनमा देखियो ।

नेपालमा मात्र होइन, संसारका जुनसुकै मुलुकमा पनि प्रतिनिधित्वको प्रणाली र प्रक्रिया गलत हुँदा वा त्यसको निहित स्वार्थी र गलत अभ्यास गर्दा संविधान र राजनीतिक व्यवस्थामात्र ढलेनन्, मुलुक नै विभाजित बर्बाद भयो । जर्मनीको वाइमर भन्ने ठाउँमा १९१८ मा जारी भएको संविधान, इतिहासले जसलाई वाइमर संविधान भन्छ, मा राष्टि्रय व्यवस्थापिका (राइखस्टाग) मा समानुपातिक निर्वाचन प्रणालीबाट मात्र जनप्रतिनिधि जाने व्यवस्था थियो। तर त्यो प्रणालीको दुरूपयोग गर्दै मुलुकका नाममात्रका, भारेभुरे, ऐरेगैरे, पार्टीहरूसमेत २/४ जना सांसद लिएर राइखस्टागमा पुगे । फलस्वरूप, सधैं त्रिशंकु संसद्को संरचनाले गर्दा राजनीतिक अस्थिरता बढेर सो संविधान जारी भएको सात वर्षको अवधिमा जर्मनीमा २५ वटा सरकार बने/भत्किए। आखिर देश विरोधी जनप्रतिनिधित्वको अभ्यासले गर्दा अन्ततः हिटलरको उदय भयो जसले संसद्मा आगो लगाइदिएर सम्पूर्ण सत्ता आफ्नो मुठीमा लिए ।

सोभियत संघको संविधानमा राष्टि्रय व्यवस्थापिका 'ड्युमा' को प्रतिनिधित्व प्रणाली आफैँमा खराब थिएन भन्न सकिएला । तर पाखण्डी र भ्रष्ट नेताहरूले सो प्रणालीलाई गिजोलेर आफूअनुकूलको बनाउने हुँदा त्यसको अन्तिम परिणति महाशक्ति राष्टूका रूपमा ७५ वर्ष टिकेको कम्युनिस्ट शासन न भित्री दबाब, न बाहिरी प्रहार, केही नभए पनि आफैँ ढल्न पुग्यो ।

नेपालको वर्तमान संविधानलाई 'समावेशी लोकतन्त्र' ले सम्पुष्ट बनाएको दाबी गरियो। तर समावेशी जनप्रतिनिधित्वका नाममा व्यक्ति विशेषलाई काखी च्याप्ने प्रवृत्ति पार्टीको शीर्ष तहबाटै भयो। कुनै व्यक्तिले प्रतिनिधित्वमा आरक्षण र समावेशिताको अवसर एकपटक मात्र पाउनुपर्ने प्रचलित नियम हो । तर नेपालमा एउटै व्यक्तिलाई बारम्बार आरक्षण र समावेशीको अवसर दिइयो। पैसाकै तुजुक र बलमा निर्वाचित भएर आएका 'प्रतिनिधि' को संख्या हजारौँमा छ । वडाध्यक्षको निर्वाचनमा १-२ करोड, सांसद वा मेयरको निर्वाचनमा १०-८ करोड रुपियाँ किन खर्च गरिन्छ? भनिरहनु नपर्ला, जितेपछि भ्रष्टाचार गरेर चुनावमा गरेको 'लगानी' असुल गर्न र आगामी निर्वाचनलाई पनि लगानीको जोहो गर्न ।

निर्वाचनमा पैसाको होडबाजी र बोलवाला बढ्ने एउटै कारण देशमा भ्रष्टाचार तथा दण्डहीनताका लागि खुला छूट तथा बोलवाला हो । भ्रष्टाचार र दण्डहीनताको अन्त्य एवं सुशासनको शुभारम्भ नै निर्वाचनमा पैसाको होडबाजी अन्त्य र वास्तविक राष्ट्र निर्माण गर्ने अचुक रामवाण हो । यो हुनु भनेको न्यायपालिकाभित्र न्यायविमुख वातावण समाप्त र संवैधानिक अंगहरूको स्वायत्तताको पुनरोदय हो । लोकतन्त्रका सञ्चालक शक्ति वा इन्जिन मानिएका राजनीतिक दलहरूको अराजक र कानुन मिच्ने भ्रष्ट कार्यशैली समाप्त भएका दिन देशमा व्याप्त भयाबह भ्रष्टाचार र दण्डहीनताको पनि निर्मम अन्त्य हुने निश्चित छ । भ्रष्टाचारलाई निर्ममसँग नियन्त्रण गर्नासाथ सच्चा जनप्रतिनिधित्वको परिपाटी प्रारम्भ हुन सक्छ ।

असफलताहरूको कहालीलाग्दो क्रम र खतरा क्रमशः घनीभूत देखिएको यस अवस्थामा सर्वप्रथम मुलुकलाई जोगाउने हो भने राजनीतिक दल तथा नेताहरूले आफ्ना धारणा सच्याएर आ-आफ्ना मनोवृत्ति र धारणामा हेरफेर ल्याउनुपर्छ । राष्ट्रिय शक्तिहरूमा निषेध र पानी बाराबारको व्यवहार होइन, त्यसमाथि नयाँ समीक्षा, नयाँ मूल्याङ्कन र पुनर्विचार गर्नु जरुरी भइसक्यो । राजनीतिकरूपमा परिवर्तन गर्नुपर्ने विषय नेपालमा केही पनि छैन, परिवर्तनका बहानामा ल्याइएका संघीयता, गणतन्त्र र धर्म निरपेक्षता हटाएर मुलुकलाई पूर्ववत् अवस्थामा फर्काउनासाथ सुधारको वातावरण देखापर्ने निश्चित छ । ( हाल( सियाटल, अमेरिका)

# कहिले बन्ला लुम्बिनी प्रदेशसभाको भवन ?

दाङ । लुम्बिनी प्रदेशको स्थायी राजधानी दाङमा निर्माणाधिन प्रदेश सभा भवनले हालसम्म पनि पूर्णता पाउन सकेको छैन । लुम्बिनी प्रदेशको बर्खे अधिवेसनपछि हिउँदे अधिवेसन दाङको भालुबाङस्थित नयाँ भवनमा बस्ने प्रदेश सरकारको तयारी छ । तर प्रदेश सभाको आउने अधिवेसनका लागि स्थायी राजधानी दाङमा आवश्यक पूर्वाधारहरु तयार भएका छैनन् । प्रदेशका मुख्यमन्त्री कुलप्रसाद केसीले प्रदेश सभाको भवन छिटो निर्माण सम्पन्न गर्न पटक(पटक निर्देशन दिँदै आए पनि काम पूरा हुन सकेको छैन । दाङको भालुबाङमा प्रदेश सभा भवन निर्माणका लागि ०७८ साल वैशाख २४ गते ५ करोड २१ लाखमा ठेक्का सम्झौता भएर काम सुरु भएको थियो । पहिलो सम्झौता अनुसार ४ महिना (२०७८ साउन भित्र) भवन बनाइसक्नुपर्ने थियो । तर काममा ढिलाइ हुँदा प्रदेश सरकारले निर्माण व्यवसायी नै परिवर्तन गरेर भवन निर्माणको कामलाई अघि बढाइयो । भवन छिटो निर्माण गर्ने भन्दै दिन(रात गरी दुई सिफ्टमा समेत काम निर्माण सुरु गरिएको थियो । बीचमा प्रदेश सभा भवनको मौलिकता झल्कने गरी डिजाइन फेरेर भवन बनाउन थालिएपछि अर्थ मन्त्रालयले बजेट रोकेको थियो । पछि पुरानै डिजाइन अनुसार नै काम अघि बढ्यो ।

अहिले निर्माणाधीन अवस्थामा रहेको लुम्बिनी प्रदेश सभाको भवन अन्तिम चरणमा रहेको प्रदेश पूर्वाधार विकास प्राधिकरण बताउँछ । प्रदेश पूर्वाधार विकास प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत छवीराज पोखरेलले प्रदेश सभा भवन निर्माणको काम ९० प्रतिशत सम्पन्न भइसकेको बताए । 'निर्माणको काम झण्डै सकिएको छ,' उनले अनलाइनखबरसँग भने, 'रङ्गरोगन, लाइटिङ, साउण्ड सिस्टम र फर्निचर जडानका भइरहेको छ ।' उनले अबको भदौ महिनासम्म प्रदेश सभाको भवन सम्पूर्ण रुपमा तयार गरेर सरकारलाई हस्तान्तरण गर्ने बताए । त्यस्तै प्रदेश सभा सचिवालयको भवन निर्माण कार्यका लागि टेण्डर प्रक्रियामा गएको प्राधिकरणले जनाएको छ । 'सचिवालयको भवन निर्माण पनि प्रक्रियामा गइसकेको छ' उनले भने, 'अब छिट्टै सचिवालयको भवन निर्माण पनि सुरु हुनेछ ।' प्रमुख कार्यकारी अधिकृत पोखरेलले सम्भवतः प्रदेश सभाको हिउँदे अधिवेसन दाङमै सञ्चालन गर्न सकिने संरचना निर्माण गर्ने काम भइरहेको बताए । 'अब आउने हिउँदे अधिवेसन नयाँ भवनमै हुने गरी काम जारी छ,' उनले भने । भदौसम्म प्रदेश सभा भवनमा बैठक राख्न सकिने प्रदेश प्रमुख कार्यकारी अधिकृत पोखरेलले बताए ।

यस्तो हुनेछ प्रदेश सभा भवन

राप्ती बहुप्राविधिक शिक्षालय भित्र निर्माण भइरहेको प्रदेश सभा भवनका लागि आवश्यक पर्ने सबै संरचना १२ हजार स्क्वायर फुट क्षेत्रफलमा तयार हुँदैछ । प्राधिकरणका अनुसार ७ हजार स्क्वायर फुटमा प्रदेश सभाको सभाहल रहनेछ । भवनको भुइँतलामै प्रदेश सभा बैठक कक्ष, सभामुखको रोष्ट्रम, मुख्यमन्त्री, विपक्षी दलका नेताको कार्यकक्ष, कर्मचारीका लागि आवश्यक कक्ष, मर्यादापालक कक्ष, ड्रेसिङ रुम, शौचालयसहितका संरचना रहेनछ ।

त्यस्तै प्रदेशसभा भवनमा सभाहलसँगै भीआईपी कोठा, मतदान गर्ने कोठा, बाँकी ६ पृष्ठमा

# खेलकुद

## बुद्धिचाल संघको अध्यक्षमा गौतम निर्विरोध

काठमाडौं । नेपाल बुद्धिचाल संघको अध्यक्षमा विदुरप्रसाद गौतम निर्विरोध निर्वाचित भएका छन् । उनी संघका निवर्तमान वरिष्ठ उपाध्यक्ष हुन् । यस्तै वरिष्ठ उपाध्यक्षमा राजेन्द्रप्रसाद रिजाल, महासचिवमा धरमबहादुर लामा, सचिवमा मोनालिशा खम्बो, भुपेन्द्र निरौला र उमेश केसी निर्विरोध चयन भएका छन् । त्यस्तै कोषाध्यक्षमा ज्ञानेन्द्र महर्जन र सहकोषाध्यक्षमा यज्ञप्रसाद पन्त निर्विरोध भएका छन् । प्रदेशगत सदस्यहरुमा प्रदेश १ बाट दिपेन राई, मधेशबाट सुरेन्द्रकुमार शाह, बागमतीबाट निरञ्जन प्रजापति, गण्डकीबाट महेश्वर अधिकारी, लुम्बिनीबाट चन्द्रमणि घिमिरे, कर्णालीबाट शक्तिराम बुढा र सुदूरपश्चिमबाट गोपालप्रसाद श्रेष्ठ निर्विरोध चयन भएका छन् । संघको आगामी चार वर्षे कार्यसमितिका लागि उपाध्यक्ष र खुला सदस्यबाहेक अन्य सबै पदमा निर्विरोध पदाधिकारी चयन भएका हुन् । तीन उपाध्यक्ष र तीन खुला सदस्यका लागि निर्वाचन प्रक्रिया सुरु भएको छ । उपाध्यक्षमा पाँचजना र सदस्यमा आठ जनाको उम्मेदवारी परेको छ । उपाध्यक्षमा उम्मेदवारी दिनेहरुमा धनबहादुर बोगटी, ओमप्रसाद उपाध्याय, माधवप्रसाद प्रधान, नारायणदास गमाल र शुबोधराज सेर्पाली छन् । सदस्यमा उम्मेदवारी दिनेहरुमा राजीव कार्की, मनोज घिमिरे, कृष्णप्रसाद सिग्देल, याइसाप यासिर खम्बो, प्रविणकुमार भडेल, रामकिशोर सिंह पराग, विकास कार्की र पार्वती श्रेष्ठ छन् । बुद्धिचाल संघको केन्द्रीय कार्यसमिति ३१ सदस्यीय रहने प्रावधान छ । तीमध्ये २१ जना निर्वाचन प्रक्रियाबाट आउँछन् भने बाँकी मनोनयन हुनेछ । बुद्धिचाल संघले असार २४ र २५ गते साधारणसभा गरेको थियो । विधान संशोधन गरी पदाधिकारीको संख्या थपिएपछि राखेपमा विधान स्वीकृत गर्नुपर्ने भएकाले निर्वाचन प्रक्रिया दुई दिन सारिएको थियो । संघले विधान संशोधन गरी सचिव पद संख्या एकबाट तीन पुर्‍याउने निर्णय गरेको थियो ।

## १३ खेलाडी नगदसहित पुरस्कृत

काठमाडौं । राष्ट्रिय खेलकुद परिषद (राखेप) ले विभिन्न १३ खेलाडीलाई नगदसहित पुरस्कृत गरेको छ । गतवर्ष अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रदर्शनका आधारमा राखेपले विभिन्न खेलका १३ खेलाडीलाई पुरस्कृत गरेको हो । जसमा पारा तेक्वान्दोबाट सर्वाधिक चार खेलाडी छन् । यस्तै बक्सिङबाट तीन तथा एथ्लेटिक्स र ट्रायथलनबाट समान दुई खेलाडी छन् । भलिबल र ब्याडमिन्टनका एक एक खेलाडी छन् । खेलाडीहरुले तीन श्रेणीमा पुरस्कृत गरिएको छ । जसमा उनीहरुले नगद ५० हजारदेखि १ लाख ५० हजारसम्म प्राप्त गरेका छन् । पहिलो श्रेणीमा रहेका पारा तेक्वान्दोका पलेशा गोबर्दन र ब्याडमिन्टनका प्रिन्स दाहाले समान १ लाख ५० हजार प्राप्त गरेका छन् । पलेशाले गत डिसेम्बरमा एसियन युथ पारा तेक्वान्दोमा स्वर्ण जितेकी थिइन् । साथै उनले टोकियो पारा ओलम्पिकमा उत्कृष्ट प्रदर्शन गरेकी थिइन् । यसैगरी युवा ब्याडमिन्टन स्टार प्रिन्स दाहाल विश्व ब्याडमिन्टनको जुनियर वरियतामा नम्बर एक पोसिजनमा पुग्न सफल भएका थिए । दोस्रो श्रेणीमा बक्सिङका नारिका राई, तिरुवा र छिरिङ शेर्पा तथा पारा तेक्वान्दोकी सृजना घिसिङले समान एक लाख रुपैयाँ प्राप्त गरे । बक्सिङका तीन खेलाडीले एसियन जुनियर बक्सिङ च्याम्पियनसिपमा कास्य पदक जितेका थिए । पारा तेक्वान्दोका सृजनालर् वर्ड प्रेसिडेन्ट कप च्याम्पियनसिपमा रजत जितेकी थिइन् । तेस्रो श्रेणी अन्तर्गत एथ्लेटिक्सकी राजपुरा पछाई र पुष्पा भण्डारी, भलिबलकी अरुणा शाही, ट्रायथलनका सोनी गुरुङ र बसन्त थारु, पारा तेक्वान्दोका रन्जना धामी र विशाल गर्बुजाले समान ५० हजार प्राप्त गरे । राजपुराले साउथ एसियन क्रस कन्ट्री तथा पुष्पाले ढाका म्यारथनमा रजत जितेका थिए । अरुणा शाहीको कप्तानीमा नेपाल महिला भलिबल टिमले बंगलादेशमा सेन्ट्रल जोन भलिबल च्यालेन्ज कपको उपाधि जितेको थियो । ट्रायथलनका सोनी र बस्नतले पोखरामा भएको अन्तर्राष्ट्रिय प्रतियोगितामा कास्य जितेका थिए । पारा तेक्वान्दोकी रन्जनाले एसियन गेम्स छनोटमा कास्य जितेकी थिइन् । यस्तै विशालले युथ एसियन गेम्स छनोटमा कास्य जितेका थिए ।

## लक्ष्मण र लक्ष्मीलाई अपहिलको उपाधि

काठमाडौं । लक्ष्मण मल्ल र लक्ष्मी मगरले 'माउन्टेन बाइक अपहिल च्यालेन्ज सिरिज २०२२' को उपाधि जितेका छन् । सात चरणमा सम्पन्न भएको प्रतियोगिताको एलिट पुरुष विधामा लक्ष्मणले सुरज राना मगर र कुमार तामाङलाई पराजित गरे । लक्ष्मणले १४५० अंक प्राप्त गर्दा दोस्रो भएका सुरजले ९४० अंक तथा तेस्रो स्थान प्राप्त गरेका कुमार तामाङले ८७० अंक पाए । महिला तर्फको एलिट विधामा लक्ष्मीले १४०० अंक सहित प्रथम स्थान हासिल गरिन् । १३५० अंक पाएकी उषा खनाल दोस्रो हुँदा इन्द्रकुमारी तामाङले तेस्रो स्थान हासिल गरिन् । दुबै विधामा विजेता, उपविजेता र तेस्रो स्थान हासिल गर्ने खेलाडीले क्रमशः २५ हजार, २० हजार र १५ हजार नगल पुरस्कार प्राप्त गरे । जुनियर पुरुष तर्फ राहुल वाईवा पहिलो, हिमान उपाध्याय दोस्रो तथा तेस्रो स्थान हासिल गरेका सुसिम चित्राकारले क्रमशः २०, १५ र १० हजार पुरस्कार प्राप्त गरे । प्रतियोगिताको युथ (१२) तर्फ पूर्णराज तामाङ विजयी भए । मास्टर पुरुष तर्फ टेलर हिवर्व, मास्टर महिला तर्फ गोगी ग्रेवल, भेट्रान (५० माथि) ड्यानियल डेनेस, ग्रान्डमास्टर पुरुष तर्फ पेम्बा शेर्पा, ग्रान्डमास्टर महिला तर्फ निभा श्रेष्ठ र सिनियर पुरुष तर्फ स्टेफन जेम्स किलिङ विजयी भए । सात चरणसम्म चलेको प्रतियोगिताका विजेतालाई नेपाल साइक्लिङ संघका पूर्व अध्यक्ष छिमि उर्गेन गुरुङले पुरस्कृत गरे । गत जनवरी ८ बाट सुरु भएको प्रतियोगिताको समापन आइतबार बालुवाटार स्थित ढुकु फुटसल हबमा भएको थियो । २५० भन्दा बढि स्वदेशी तथा विदेशी साइकल राइडर सहभागी प्रतियोगिता पाँच विधाका विभिन्न १३ उमेर समुहमा आयोजना भएको थियो ।

## नवौं खेलकुदका लागि ६० करोड बजेट पारित

काठमाडौं । आगामी असोज २८ देखि कात्तिक ३ सम्म गण्डकी प्रदेशमा आयोजना हुने तय भएको नवौं बृहत राष्ट्रिय खेलकुदका लागि सरकारले विनियोजन गरेको ६० करोड बजेट पारित भएको छ । शुक्रबार काठमाडौंमा बसेको नवौं राष्ट्रिय खेलकुद मूल आयोजक समितिको पहिलो बैठकले बजेट पारित गर्ने निर्णय गरेको हो । नवौं खेलकुदका लागि ९६ करोड बजेट आवश्यक गर्ने प्रस्ताव गरे पनि सरकारले ६० करोडमात्र विनियोजन गरेको थियो । समितिको बैठकले पहिलोपल्ट टिम च्याम्पियन ट्रफी प्रदान गर्ने निर्णय गरेको छ । १० लाख मूल्य लागतमा निर्माण हुने 'रनिङ शिल्ड' लगातार तीनपल्ट जित्ने टिमले आफूसँगै राख्न पाउनेछ ।

## आर्थिक.....

मलाइ फोन गरिरहेको तर ब्याजदर बढाउदा सामान्य नागरिकहरु, उधोगीहरु सवै क्षेत्रमा असर पुग्ने बताइरहेका थिए। यी माथिका केही राजनीतिक पार्टीका नेता र गभर्नरको भनाईलाई आधार मान्दा राष्ट्रिय-अन्तराष्ट्रिय प्रभाव देखिनु र सजग हुनु स्वभाविक देखिन्छ। तर उनिहरुको भनाईले समाजलाई निरासा पार्न सक्छ। आत्मवल कमजोर भएकाहरुले कहिल्यै प्रगति गर्दैनन् । समस्यासँग लड्न सक्ने तागत भएकाहरुले मात्र सफलता हाशिल गर्न सक्छन् भन्ने एक नोपली दार्शनिकको भनाईलाइ आधार मान्ने हो भने नेपालमा त्यस्तो अवस्था आउदैन। नेपालीहरुले विदेशवाट आयात गर्ने विलासिताका सामान मात्र कटौती गर्दा चुलिएको महगीको आर्थिक मुद्रामा देखिएको समस्या सावधान हुन्छ।

अर्को तर्फ नविल बैकका सिइओसमेत रहेका अनिल केशरी शाहको भनाईलाई विश्लेषणनात्मक ढंगवाट लिने हो भने नेपालमा होल्ड भएर बसेका मनिहरुलाई निश्ति समयपछि ति (मनी)हरु काम नलाग्ने अवस्थामा पुऱ्याउन सक्ने एउटा नीति अवलम्बन गर्दा आर्थिक संकट चलायनमानमा देखिएको समस्या हट्न सक्ने अनुमान लगाउन सकिन्छ। यो हल्लाको पछाडी लागेर बढी व्याज आउने सोच बोकेर होल्ड भइराखेको नेपालीहरुको रकमलाई राष्ट्रप्रति आएको समस्यालाई सावधान गर्न राष्ट्रले ती पैशावाल जनतालाई आवाह्न गर्न सक्नुपर्छ र यस्तो समस्या आउदा सहयोग गर्ने जनतालाई राष्ट्रले सम्मान गर्ने कार्यक्रम ल्याउन सक्नुपर्छ।

**विभिन्न खुफियाहरु नेपालमा**

केही न केही बहनामा चलबलाउने एक खालका माफियाहरुले परिचालन गरेका मानिसहरुले गर्ने हल्ला, राजनीतिक दाउपेच र कहिलेकाही हुने वास्तविक घटनाको यथार्थ नागरिकले पाउने गरेका हुदैनन्।

त्यस्तो हुन नसक्नुका कारणहरु नेपालको माया गर्ने ठुला स्केलका सञ्चारमाध्यमहरु नै देशमा कमी छन्। परनिभर्रताको मानसिकता बढेको आत्मनिभर्रतामुखी कार्यक्रमहरु बन्दै नबनेका बनेका क्षेत्रमा एनजिओ आइएनजिओ नामका योजनाहरुले परनिर्भरमुखी बनाउन भुमिका खेलेका कारण नेपालको आत्मनिर्भरता कमजोर बन्दै गएको यथार्थ हो। यस्ता कमजोरी नेपालीहरुवाट नै भएको हुनाले कमजोरी सुधार्ने काम पनि हामीहरुको नै हो।

**श्रीलंकाको उदारण लिएर उपद्रो मच्चाउनु हुदैन**

देश विकास गर्न अमन चयन शान्ति स्थापना हुनुपर्दोरहेछ , आत्मनिर्भरताको लागि काम गर्ने वातावरण हुनुपर्दोरहेछ ,विकास गरिरहेका राष्ट्रहरुको उदारणले त्यही देखाउछ। हामी नेपालीहरुले श्रीलंकामा भएको आक्रोसको भीडलाई याहा त्यसै गर्नुपर्छ भनेर लाग्नु हुदैन। सकरात्मक ढंगवाट पनि उपाय खोज्न सक्छौ।

नेपालमा भएका सवै क्षेत्रका कमजोरीहरु हटाउन थाल्नुपर्छ र त्यस्तो समस्या आउन नदिइ देश राणाकालीन अवस्थामा आत्मनिर्भर नै थियो त्यस्तो अवस्थाको वातावरण सृर्जना गरेर काम गर्नुपर्छ ताकी देशलाई त्यस्तै राणाकालीन युगमा फर्काउने होइन कि आधुनिक युगको विकासमा सामुहिक वा एक्कल ठुला स्केलका उधोग, व्यपार, व्यवसायहरुलाई प्रथामिकता दिन सक्नुपर्छ। त्यसले सामाजिक न्यायमा आधारित समाजको निर्माण गर्न सक्छ। अधिक उत्पादन नभई समान वितरण सम्भव छैन। अधिक उत्पादनको नीतिलाई दिर्धकालीनमा राखेर तत्कालीनमा व्यवस्थापन गर्नसक्ने क्षमता भएको नेतृत्व नेपालले खोजेको छ।

अराजक भीड जम्मा गरेर, क्रान्तिका नाममा युवा बरालेर, झुटको खेती गर्ने राजनीतिक पार्टीको कुन्सित योजना नेपालको हितमा हुदैन। बिगतमा भएका क्रान्तिले देशलाई यस्तो अवस्थामा पुऱ्याएको छ। त्यसकारण नेपालले यतिवेला गर्नुपर्ने काम सही सोच र विकासको लागि पत्यारिलो आधार सहित योजना लियर आएका देशका योजनाकारहरुलाई प्रतिस्पर्धा गराने र उत्कृष्ट योजना कार्यन्वयन गर्नसक्ने क्षमता भएको नेतृत्वलाई देश हाक्ने जिम्मा दिने काम गर्नुपर्छ। त्यो शान्तिपुर्ण जनमतद्धारा, यो काम गरिसकेपछि नेपाली जनतमा वेला वेलामा पर्ने भ्रम, हल्ला, कार्टेलिङ जस्ता कामहरु हुन पाउदैनन्। यस्ता समान्य सकरात्मक तरिकावाट पनि निकास खोज्न सक्छौ। त्यस्तो भिजन भएको व्यक्तिले देशको देशको नेतृत्व गर्ने आट गर्नुपर्छ।

## सवारी.....

सदस्यहरु आकाश गोल्छा तथा कपिल शिवाकोटी समेतको उपस्थिति रहेको नाडाले उल्लेख गरेको छ।

## कहिले......

मर्यादापालकका लागि गरी १४ वटा कोठाहरू रहनेछन्। ८० जना संसदहरु बस्न मिल्ने गरी तयार गरिएको छ। अहिले निर्माण भइरहेको प्रदेश सभाको भवन अस्थायी हो। स्थायी भवनको निर्माण केही समयपछि सुरु हुने प्रदेश पूर्वाधार विकास प्राधिकरणले जनाएको छ।

## प्रेम.......

देखिन्छ। पारिजातको 'शिरीषको फूल' उपन्यास पढेपछि आफ्नो जिन्दगी निस्सार प्रेममा परेको सुयोगवीरसँग पटक पटक दाँजेको पुरुषले आखिर विनाछोडपत्र दोस्रो बिहे गरेरै छाड्छ जसलाई नेपाली कानुनी दृष्टिले ठीक ठहराउन भने सकिँदैन।

वर्णविन्यास धेरै ठाउँमा गल्ती देखिन्छ। पुराणकै प्रसङ्ग भए पनि 'विश्वामित्र'का ठाउँमा 'वशिष्ठ' र 'मेनका'का ठाउँमा 'उर्वशी' भएको छ। एकै नाम कतै जेम्स सि-डोब्सन र कतै जेम्स सिडोक्सन भएको छ।

नेपालकै मोरङ, झापातिर जन्मेहुर्केका लेखकले कतैकतै मात्र 'थिएछन्' जस्तो दार्जिलिङे नेपाली भाषा प्रयोग गर्दा स्वाभाविक लाग्दैन। एक विद्यार्थीको अमेरिका प्रवेश, उसको वैवाहिक जीवन, प्रेम, उतारचढाव, दुःख र सङ्घर्ष तथा सफलताका कथा पढ्दापढ्दै उपन्यास सकिएको पाठकलाई पत्तै हुँदैन। यही नै यसको सफलता मान्न सकिन्छ।

## राष्ट्र......

४/१२ सीमा हटाएर शेयर लगानीकर्तालाई राहत पुग्ने नीति लिनुपर्ने बताउनुभयो। अध्यक्ष गोल्छाले सरकारले एलसीमा लिएको शतप्रतिशत मार्जिनबाट बैंकहरू मात्र लाभान्वित भएको भन्दै मौद्रिक नीतिमार्फत पुनर्विचार गर्न माग गर्नुभयो।

## अष्ट्रेलिया.......

हजार नेपाली विद्यार्थी आएको अस्ट्रेलियामा जुनको अन्त्यदेखिनै विद्यार्थी भिसामा कडाइ गरिएको छ। अस्ट्रेलियाको शिक्षा ब्यापार हो। तर यहाँ आउने विद्यार्थी पढाइ छाडेर कमाउने काम तिर मात्र बढी लाग्न थालेपछि कयौं युवाशक्ति शैक्षिक अपचलनको शिकारसमेत हुने गरेका छन्। राम्रो अंक ल्याएर डाक्टर र ईन्जिनियर पढ्ने सपना बोकेका विद्यार्थीलाई समेत कमिसनको चक्करमा लागेर शैक्षिक परामर्सदाताले गलत सल्लाह दिएर डिप्लोमा र एडभान्स डिप्लोमामा भर्ना गर्न प्रेरित गर्ने गरेका छन्।

'सात-आठ वर्षअघि पनि नेपाललाई अस्ट्रेलियन सरकारले अन्तर्राष्ट्रिय विद्यार्थी भित्र्याउने सवालमा 'रिक्स जोन' अर्थात खतरा क्षेत्रका रूपमा परिभाषित गरेको थियो। अहिले पनि त्यस्तै किसिमको प्रतिवेदन आएको छ', अध्यागमन एजेन्ट निरज श्रेष्ठले भने, 'यो नौलो कुरा होइन तर मुलुकको लागि नकरात्मक संकेत हो। किनकि, स्पष्ट रूपमा नक्कली कागजातको सवालमा नेपालको नाम मुछिनु लज्जास्पद विषय हो।'

नेपालमा आलु पसले र चटपटे बेच्ने पनि शैक्षिक परामर्शदाता बनेको भन्दै उनले नेपाल सरकारले सबैभन्दा पहिले यस विषयमा ध्यान दिनुपर्ने बताए।

'शैक्षिक परामर्शदाता बन्न योग्यताको मापडण्ड के हो?, जो पनि बन्न पाउने?' अस्ट्रेलियामा एजुकेशन तथा माइग्रेसन एजेन्टहरूकै छाता संगठन एकाका पूर्व अध्यक्षसमेत रहेका निरजले प्रश्न गरे। 'डाक्टर र इन्जिनियर पढ्न आएका विद्यार्थीलाई कुकरीमा पीआर हुन्छ, अनि पैसा पनि कमाइन्छ भनेर यता पठाइदिएपछि हालत के हुन्छ ?, निरजले आक्रोश पोखे। राज्यले नेपाली युवा शक्ति विदेसिदै गर्दा कस्तो शैक्षिक उद्धेस्यका साथ गइरहेका छन् भन्ने विषयमा विश्लेषण गर्नु जरूरी रहेको श्रेष्ठले बताए। 'विद्यार्थीको पनि गल्ती उत्तिकै छ, आउनेवित्तिकै कोर्स चेन्ज गर्ने अनि राम्रो कलेजमा त निकै पढ्नु पर्ने रैछ अलि सजिलो खोजिदिनु पऱ्यो भन्दै हिँड्न थालेपछि यस्तो अवस्थाको सृजना भएको हो', अनुभवी अध्यागमन एजेन्टका रूपमा चिनिने निरजले अगाडि भने। नेपालबाहेक भारत र पाकिस्तानलाई पनि अस्ट्रेलियाले शहरै तोकेर नक्कली कागजातका विषयमा गम्भीर ध्यानाकर्षण भएको बताएको छ। मास्टर्समा पढ्न आउने चार महिना भएको छैन, सस्तोका नाममा डिप्लोमा खोज्दै हिँड्ने प्रवृत्तिप्रति पनि प्रतिवेदनले सचेत तुल्याएको छ।

अस्ट्रेलियाको शैक्षिक उद्योगको चलन पनि निकै गजब छ। नेपालबाट आउने विद्यार्थीका लागि त्यही कोर्ष गर्न १२ हजार डलर लाग्छ तर अस्ट्रेलिया भित्रका विद्यार्थीले ६-७ हजार डलरमै उक्त कोर्ष गर्न पाउँछन्। अर्थात अफसोर्स र अनसोर्सको भाकामा पचास प्रतिशत हेरफेर केका लागि र कुन उद्धेश्यका लागि हो ? यसबारे कुनै उद्यमीले स्पष्ट पारेका छैनन्। न त कुनै कानुनी प्रावधाननै छ।

ब्याचलर अफ नर्सिङ पढ्न आएकी झापाकी सुनिता लामालाई एजेन्टले कुकुरीको डिप्लोमामा भर्ना गरिदिदाँ काम विशेषले नेपाल गएको बेलामा उनको भिसा रद्द भएको धेरै दिन भएको छैन। सुनिता मात्र होइन, यही साता सामाजिक सन्जालमा भिसा रद्द भएका बयानहरू छयाप्छयाप्ती आउनुले पनि केही कुराको संकेत भने पक्कै गरेको छ। यता अस्ट्रेलियन सरकारले नक्कली कागजात पेश गर्ने मुलुकमा नेपाललाई किटेरै दस्तावेजमा उल्लेख गर्नु र यसरी एक पछि अर्को घटनाक्रम घट्नुलाई नेपाल सरकार र अस्ट्रेलियास्थित नेपाली दूतावासले बेलैमा गम्भीर रूपमा लिनुपर्ने देखिन्छ।

## महिला.......

सशक्तिकरण गर्नका लागि विभिन्न सीप मुलक कार्यक्रमलाई निरन्तरता दिने अधिकारीले बताइन्।

# बलात्कार आरोपमा वडाध्यक्ष पक्राउ

धनकुटा। एक युवतीलाई बलात्कार गरेको अभियोगमा धनकुटाको सहिदभूमि गाउँपालिका-५ का वडाध्यक्ष सन्तोष राई पक्राउ परेका छन्। वडाध्यक्ष राईले आफूलाई होटलमा बन्धक बनाइ बलात्कार गरेको युवतीले जाहेरी दिएपछि पक्राउ गरिएको प्रहरीले जनाएको छ। राईलाई शनिबार राति साढे ११ बजे धनकुटा बजार नजिकबाट पक्राउ गरिएको थियो। शुक्रबार राति हिलेबाट तेह्रथुमको बसन्तपुर बजारस्थित एक होटलमा लगेर बन्धक बनाई बलात्कार गरेको जाहेरीमा उल्लेख रहेको जिल्ला प्रहरी प्रवक्ता डीएसपी चिरञ्जिवी दाहालले जानकारी दिए। राईले घुम्न जाने बहानामा सहिदभूमि गाउँपालिकाको खोकुबाट तेह्रथुमको बसन्तपुर बजारमा पुऱ्याएको जाहेरीमा उल्लेख छ। घर फर्कन ढिलाइ हुने बहाना बनाएर आफूमाथि रातभर जबर्जस्ती गरेको पीडितको भनाइ छ। पक्राउ परेका ३८ वर्षीय वडाध्यक्ष राईलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी थप अनुसन्धानको प्रक्रिया अघि बढाइएको प्रहरी प्रमुख एसपी लक्ष्मीराज अधिकारीले बताए। घटना भएको स्थान तेह्रथुम जिल्ला भएकोले पक्राउ गरिएका राईको थप कारबाही प्रक्रियाका लागि तेह्रथुम प्रहरीलाई बुझाइने अधिकारीले जानकारी दिए। राई गत स्थानीय तह निर्वाचनमा नेपाली कांग्रेसबाट उम्मेद्वार भई वडाध्यक्षमा निर्वाचित भएका थिए।

# अवैध लागूऔषध सहित पक्राउ तथा बरामद

सिरहा, सिरहा नगरपालिका ९ गुलरियाबाट करिब ४ ग्राम ८३ मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ र १ थान डिजिटल तराजुसहित सोही ठाउँ बस्ने ३१ वर्षीय शम्भु प्रसाद यादवलाई शनिबार साँझ प्रहरीले पक्राउ गरेको छ। लागूऔषध नियन्त्रण ब्यूरो काठमाडौं र जिल्ला प्रहरी कार्यालय सिरहाबाट खटिएको संयुक्त टोलीले उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो। सुनसरी, बराहक्षेत्र नगरपालिका ६ सिसौलीबाट १ सय २२ केजी अवैध लागूऔषध गाँजा आइतबार बिहान प्रहरीले बरामद गरेको छ। बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा सप्तकोशी नदीको दुईवटा भङ्गालो बिच टापुमा ५ वटा बोरामा लुकाई राखेको उक्त परिमाणको लागूऔषध फेला पारी बरामद गरेको हो।

# स्रोत नखुलेको रकम सहित दुई जना पक्राउ

पर्सा। वीरगंज महानगरपालिका १५ बसपार्कबाट स्रोत नखुलेको नगद ४ लाख ५६ हजार ९ सय रूपैयाँ सहित २ जनालाई शनिबार राति प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा भारत बिहार मोतिहारी ग्राम अठमुहान बस्ने २७ वर्षीय तबरेज आलम र २९ वर्षीय जमालुदिन अंसारी रहेका छन्। वडा प्रहरी कार्यालय श्रीपुरबाट खटिएको प्रहरीले अनटेष्ट लेखिएको मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त नगद सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

धनकुटा। २३ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा शहीदभूमि गाउँपालिका ५ बस्ने ३१ वर्षीय सन्तोष राईलाई शनिबार प्रहरीले पक्राउ गरेको छ। तेह्रथुम लालीगुराँस नगरपालिका २ स्थित होटलमा राईले ती महिलालाई शुक्रबार राति जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय धनकुटाबाट खटिएको प्रहरीले उनलाई धनकुटा नगर पालिका ७ बाट पक्राउ गरेको हो।

# बुटवलको होटलमा २१ वर्षीया युवती मृत फेला

बुटवल। बुटवलको गोलपार्कस्थित एक होटेलमा एक पुरुषसँगै बास बसेकी युवती मृत फेला परेकी छन्। पूर्वी पाल्पाली गाल्धाली होटेलमा असार २४ गते राति बास बसेकी २१ वर्षीय सदीक्षा गुरुङ कोठामा झुण्डिएको अवस्थामा मृत फेला परेकी हुन्। मृतक गुरुङ बुटवल वडानंम्बर २ की बासिन्दा भएको प्रहरीले जनाएको छ। होटेलको कोठा नं १०५ मा बस्न सदीक्षा नै आएर रुम बुक गरेकी थिइन्। मृतकका आफन्तहरूले शव पोष्टमार्टमका लागि लुम्बिनी प्रादेशिक अस्पताल पुऱ्याएका छन्। सदीक्षासँगै बसेका युवक पक्राउ परेको र थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# अन्तराष्ट्रिय समाचार

## श्रीलंकामा जनविद्रोहको छालले राजापाक्षे परिवारको शासनबाट भएको अत्याचार छताछुल्ल

एजेन्सी। जनताको शक्तिका सामु दुनियाँका कुनैपनि तानाशाहको फलामे शासन समेत तोडिन्छन्। जनताले सैनिकको कडा घेराबीच बस्ने शासकलाई समेत भगाउन सक्छन्। जब परिवारवाद, नातावाद र कृपावादले हद नाघ्छ तब जनताले सुनामी ल्याइदिन्छन् र जस्तोसुकै कठोर शासकलाई बगाइदिन सक्छन्। श्रीलंकामा त्यस्तै भएको छ। राजापाक्षे परिवारको शासन अन्त नजिक पुगेको छ। महीन्दा राजापाक्षे राजीनामा दिइ लुकेर बसेका छन्। उनका भाई राष्ट्रपति गोटाबाया राजापाक्षे राजीनामा दिन ठिक्क परेका छन्। उनले राजीनामा नदिएसम्म राष्ट्रपति भवन नछाड्ने भन्दै प्रदशर्नकारी भान्छा र विलासी भवनहरुमा बसेका छन्। खाना बनाएर खाँदैछन् कोही, कोही संगितको साधन बनाइरहेका छन्। कोही बगैंचामा घुमिरहेका छन् त कोही पौडी पोखरीमा पौडी खेलिरहेका छन्। श्रीलंकाली जनता खाद्यान्नका लागि संघर्ष गरिरहँदा राष्ट्रपतिको विलासी जीवनशैली हेर्न छिरेका छन्। उनीहरु आफ्ना शासकले गरेका गल्तीको मार खेप्नुपरेकोमा आक्रोश पोखिरहेका छन्। राजापाक्षे परिवारको दुई दशक लामो शासनमा श्रीलंकामा कति भ्रष्टाचार भयो भन्ने हिसाबकिताब समेत गर्न थालेका छन्। अरबौं डलर विदेश पठाइएको विषय समेत उठ्न थालेको छ। जनआक्रोश थेगिनसक्नु भएको छ। हजारौंको ज्यान लिएर हिंसात्मक तामिल पृथकतावादी विद्रोह दबाएका थिए राजापाक्षे परिवारले। त्यो रक्तपातको बिर्सिएको भन्ठाने राजापाक्षे परिवारले। तर, जनताले दुई दशकमा बगेको रगत पुनः सम्झिएर आक्रोश पोखे। राजापाक्षे परिवारको शासनमा भएका अत्याचार छताछुल्ल भएको छ। गोटाबाया राजापाक्षे भागेका छन्। तर, उनी श्रीलंकामा बस्न नसक्ने अवस्था बनिसकेको छ। उनीमात्र नभई राजापाक्षे परिवार नै जनताबाट असुरक्षित छ।

**श्रीलङ्काको नयाँ राष्ट्रपति जुलाई २० मा चयन हुने**

शहरी विकास तथा आवासमन्त्री प्रसन्न रानातुङ्गाले श्रीलङ्कामा नयाँ राष्ट्रपति जुलाई २० मा चयन हुने बताएनुभएको छ। रणतुङ्गाले जुलाई १३ गते राष्ट्रपति गोटबाया राजापाक्षेले राजीनामा दिएमा पार्टीका नेताहरूले साउन २० गते नयाँ राष्ट्रपति चयन गर्ने निर्णय गरेको बताउनु भएको हो। पार्टीले निर्णय गरे बमोजिम साउन १३ गते राष्ट्रपतिले राजीनामा दिएमा प्रक्रिया त्यसै अनुरूप अगाडि बढ्ने पनि उहाँले बताउनुभयो। शनिबार फोर्टमा रहेको राष्ट्रपति भवनमा हजारौं मानिसहरूले आक्रमण गरेपछि यहाँको राजनीतिक घटनाक्रम नयाँ ढङ्गले विकास भएको हो। तीव्र विरोध र प्रदर्शनका बीच प्रधानमन्त्री रनिल विक्रमासिङ्घेले पदबाट राजीनामा दिने घोषणा गर्नुभएको छ। राष्ट्रपति र प्रधानमन्त्रीको निवास कब्जामा लिएका आन्दोलनकारीले भने देशको बिग्रँदै गएको आर्थिक अवस्थाले तनाव बढाएको र राजनीतिक नेतृत्व त्यसका निम्ति जिम्बेवार रहेको बताएका छन्। पछिल्ला केही हप्ताहरूमा इन्धन पसलहरूमा सर्वसाधारण र प्रहरीबीच थुप्रै भिडन्त भएको रिपोर्टहरू आएका छन्। श्रीलङ्का सन् १९४८ स्वतन्त्रता प्राप्त गरेपछि यस पटक सबैभन्दा खराब आर्थिक सङ्कटबाट गुज्रिरहेको छ। राष्ट्रपति गोटाबाया राजापाक्षेले औपचारिक रूपमा प्रधानमन्त्री विक्रमासिंघेलाई आफ्नो पदबाट राजीनामा दिन लागेको बताउनु भएको छ। चरम तेल आपूर्ति अभावले विद्यालय र सरकारी कार्यालयहरू अर्को सूचना नभएसम्म बन्द गरिएका छन्। श्रीलङ्कामा इन्धन अभावका बीच थुप्रै क्षेत्रमा आपतकालीन एम्बुलेन्स सेवा समेत निलम्बित गरिएको छ। आर्थिक सङ्कटले विशेषगरी खाद्य सुरक्षा, कृषि, जीविकोपार्जन र स्वास्थ्य सेवामा पहुँचलाई प्रत्यक्ष असर गरेको छ।

## कश्मीरमा बाढीका कारण १६ को मृत्यु, ४० बेपत्ता

भारत प्रशासित कश्मीरको अमरनाथ क्षेत्रमा भारी वर्षासँगै आएको बाढीका कारण १६ जनाको मृत्यु भएको छ। साथै अरु दर्जनौं मानिस हराइरहेका छन्। अधिकारीहरूका अनुसार अमरनाथ गुफास्थित हिन्दु तीर्थस्थलमा यस्तो घटना भएको हो। यस क्रममा गुफा नजिकै रहेका तीर्थयात्रीहरूका शिविर पनि बाढीले बगाएको सरकारी अधिकारीहरूले बताएका छन्। वार्षिक रुपमा मेला लाग्ने उक्त पहाडी गुफामा पूजा गर्नका लागि करिब १० हजार तीर्थयात्रीहरू जम्मा भएका थिए। बाढीपछि उद्धारका लागि ठूलो संख्यामा सुरक्षाकर्मी खटाइएको छ। बाढीमा हराइरहेकाहरूको खोजी कार्य जारी रहेको बताइएको छ। बाढीमा कम्तीमा ४० जना हराइरहेको विभिन्न अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। अहिलेसम्म १६ जनाको शव भेटिएको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले उक्त घटनाका कारण आफू दुखी बनेको प्रतिक्रिया दिएका छन्। हरेक वर्ष झैँ यस वर्ष पनि अमरनाथ तीर्थयात्रा जुन ३० मा सुरु भएको हो। जहाँ १० हजार जति तीर्थयात्रीहरू त्यसअघि नै उक्त गुफा भएको क्षेत्रमा पुगिसकेका थिए। यस क्षेत्रमा हरेक वर्ष यसै समयमा हिन्दुहरूले भगवान शिवको अवतारको रुपमा प्राकृतिक रुपमा बनेको पहाडी गुफामा पूजा गर्ने गर्छन्। ४५ दिनसम्म चल्ने यस तीर्थयात्रामा भारतका विभिन्न स्थानबाट तीर्थयात्रीहरू पुग्ने गर्छन्।

## जापानका पूर्वप्रधानमन्त्री शिन्जो आबेको निधन

जापानका पूर्वप्रधानमन्त्री शिन्जो आबेको ६७ वर्षको उमेरमा निधन भएको छ। गोली प्रहार भएपछि गम्भीर घाइते हुनुभएका आबेको निधन भएको जापानका सञ्चारमाध्यमले जनाएका छन्। नारा सहरमा भएको एक चुनावी कार्यक्रममा भाषण दिइरहेको अवस्थामा आज शुक्रवार बिहान पूर्वप्रधानमन्त्री आबेमाथि गोली प्रहार भएको थियो। आक्रमणकारीले आबेलाई दुई पटक गोली प्रहार गरेका थिए। आबेमाथि गोली प्रहार गर्ने ४१ वर्षका एक पुरुषलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरीले ती पुरुषमाथि अनुसन्धान जारी राखेको छ।

## अमेरिकामा फेरि अर्को गोलीकाण्ड : तीन जनाको मृत्यु, दुई घाइते

अमेरिकामा फेरि अर्को गोलीकाण्ड भएको छ। गोली प्रहारबाट तीनजनाको मृत्यु भएको छ भने अरु दुईजना घाइते भएका छन्। देशको क्यालिफोर्नियामा आइतबार बिहान घटना भएको स्थानीय अधिकारीहरूलाई उद्धृत गर्दै विभिन्न सञ्चार माध्यमले जनाएका छन्। स्थानीय समय अनुसार राति १२:४५ बजे घटना भएको हो। आक्रमणकारीले चार पुरुष र एक महिलालाई गोली प्रहार गरेको थियो। तीमध्ये तीन पुरुषको मृत्यु भएको छ भने घाइतेहरूलाई स्थानीय अस्पतालमा उपचार गराइएको छ।

# रुकु कार्की लगायतका स्रष्टालाई योगमाया सम्मान

काठमाडौं। योगमाया दिवसको अवसर पारेर नेपाल स्रष्टा समाजले हरेक वर्ष योगमायाको नाममा सम्मानहरू प्रदान गर्ने गरेको छ। त्यसै सन्दर्भमा राजधानीमा तीन व्यक्तित्वहरू सम्मानित भएका छन्।

समाजले दुई नारी स्रष्टाहरू हिरण्यकुमारी पाठक र रुकु कार्कीलाई 'योगमाया राष्ट्रिय नारी स्रष्टा सम्मान' प्रदान गर्यो भने 'योगमाया न्यौपाने अभियन्ता राष्ट्रिय सम्मान' योगमाया स्मृति प्रतिष्ठान, भोजपुरका अध्यक्ष मोहनकुमार बस्नेतलाई प्रदान गर्यो। पाठकलाई २०७८ सालको र कार्कीलाई २०७९ सालको 'योगमाया राष्ट्रिय नारी स्रष्टा सम्मान' प्रदान गरिएको थियो।

कार्यक्रममा श्रीओम श्रेष्ठ रोदनद्वारा सबैको स्वागत गरिएको थियो भने प्रा.डा.गोविन्दमान सिंह कार्कीद्वारा पुरस्कृत व्यक्तित्वको परिचय दिइएको थियो।

प्रा.डा. कार्कीले योगमायाबारे विशेष अध्ययन अनुसन्धान गरेर २०६९ सालमा समाज सुधारक योगमाया शीर्षकको पुस्तक प्रकाशित गराउनु भएको थियो। साझा प्रकाशनले सो पुस्तकको तेश्रो संस्करण प्रकाशित गरिसकेको जानकारी हुन आएको छ।

योगमाया राष्ट्रिय नारी स्रष्टा सम्मानुका संस्थापक पवन आलोक र योगमाया न्यौपाने अभियन्ता राष्ट्रिय सम्मानुका संस्थापक राजेश न्यौपानेले योगमाया बारेमा आफ्नो धारणा राख्दै योगमायालाई राष्ट्रिय विभूति घोषणा गर्नु पर्ने माग गरेका थिए।

कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथि प्रज्ञा प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेती, हिरण्यकुमारी पाठक, रुकु कार्की, मोहनकुमार बस्नेतले पनि मन्तव्य प्रकट गरेका थिए। समाजका अध्यक्ष विधान आचार्यको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन जानू धितालद्वारा गरिएको थियो।

उक्त कार्यक्रममा लेखनाथ भण्डारीद्वारा तयार पारिएको जीवनी र मूल्याङ्कन कृति योगमायाको विमोचन पनि गरिएको थियो।

३०० भन्दा बढी पृष्ठको उक्त मूल्यवान पुस्तक उपस्थित सबैलाई निशुल्क प्रदान गरिएको थियो।




## संस्कृति मन्त्रालयबाट ४३ जना श्रष्टा पुरस्कृत

संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयले विभिन्न विधाका ४३ जना श्रष्टालाई पुरस्कृत गरेको छ। काठमाडौंको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा मन्त्रालयले आइतबार आयोजना गरेको कार्यक्रममा प्रधानमन्त्री शेरबहादुर देउवा र संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्री जीवनराम श्रेष्ठले पुरस्कृत श्रष्टाहरुलाई नगद पुरस्कारसहित सम्मान गरेका हुन्।

कार्यक्रममा प्रधानमन्त्री देउवाले भाषा, साहित्य, संस्कृति, संगीत एवं नाट्य विधा देशको सभ्यता र संस्कृतिको धरोहर रहेको बताउँदै श्रष्टाहरूलाई सम्मान गर्नु राष्ट्रिय दायित्व भएको बताए। उनले सम्मानबाट श्रष्टाहरुमा थप सिर्जनात्मक




काम गर्न प्रेरणा मिल्ने विश्वास व्यक्त गरे। कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्री जीवनराम श्रेष्ठले भाषा, साहित्य रसंस्कृतिको प्रवर्द्धनलाई सरकारले प्राथमिकतामा राखेको बताए। भाषा, साहित्य, संस्कृतिलगायत राष्ट्रिय जीवनका विभिन्नक्षेत्र मार्फत स्वदेश तथा विदेशमा नेपालको पहिचान विस्तारमा योगदान दिने मुर्धन्य श्रष्टाहरुको मन्त्रालयले सम्मान गरेको श्रेष्ठले बताए। मुलुकको प्रतिष्ठा उच्च बनाउन श्रष्टाबाट थप योगदान हुने विश्वास समेत उनको भनाइ छ। समारोहमा राष्ट्रिय तथा प्रादेशिक प्रतिभा पुरस्कार, महाकवि देवकोटा पुरस्कार, गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कार, भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार र इतिहास शिरोमणी बाबुराम आचार्य राष्ट्रिय पुरस्कार वितरण गरिएको थियो। राष्ट्रिय प्रतिभा पुरस्कार अन्तर्गत साहित्य, संगीत नाट्य, संस्कृति र ललितकला विधामा पुरस्कार प्रदान गरिएको थियो।

राष्ट्रिय प्रतिभा पुरस्कारबाट सम्मानीत हुनेहरूमा सोमराज अभय, हरिवंश आचार्य, रमेश ढुङ्गेल, हेम पौडेल छन्। प्रादेशिक प्रतिभा पुरस्कार पाउनेहरुमा यज्ञेश्वर निरौला, अयोध्यानाथ चौधरी, हरिप्रसाद सिलवाल, बालकृष्ण अधिकारी, विष्णु बहादुर सिंह, बखतबहादुर थापा, गणेशराज जोशीलगायत छन्। महाकवि देवकोटा पुरस्कारबाट बेञ्जु शर्मा, राम विनय, पुस्करराज भट्ट, विजय चालिसे, आरडी प्रभास चटौतलाई सम्मानीत गरिएको थियो। गोपालप्रसाद रिमाल राष्ट्रिय पुरस्कारबाट अमरराज गिरीलाई सम्मानित गरिएको थियो भने इतिहास शिरोमणि बाबुराम आचार्य पुरस्कारबाट त्रिरत्न मानन्धर र भगत सर्वजित मानव मर्यादा पुरस्कारबाट लालबहादुर विश्वकर्मा र खगेन्द्र संग्रौलालाई सम्मान गरिएको थियो। पुरस्कार छनोटका लागि मन्त्रालयको कार्यविधिअनुसार छनोट मुल समिति गठन गरिएको थियो।

## भानुभक्तको जीवनी विषयक प्रवचन सम्पन्न

काठमाडौँ। २०९औँ भानु जयन्तीको अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठानको आयोजनामा सोमबार भानुभक्तको जीवनी विषयक प्रवचन तथा भानुभत्तीय रचना वाचन कार्यक्रम आयोजना गरियो। नयाँ पुस्तालाई भानुको जीवनी तथा रचनाका बारेमा परिचित गराउने उद्देश्यले विद्यालय तहका विद्यार्थीलाई भानुभक्तीय रचना वाचन गराइएको हो। कार्यक्रममा विद्यार्थीहरू चक्षु भट्टराई, अवसर सुवेदी, गरिमा घिमिरे, हेमन्त भट्ट, पलक ताम्राकार, सुदृश सुवेदी र दीपशिखा मुखियालगायतका विद्यार्थीले भानुभक्तीय रचना वाचन गर्नुभएको थियो। त्यस अवसरमा कविता वाचन गरेका विद्यार्थीलाई प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीले पुरस्कार र बालकृतिहरू प्रदान गर्नुभयो। कार्यक्रमका वक्ताले नयाँ पुस्तालाई भानुभक्तका रचना बारेमा परिचित गराउन जरुरी भएकोमा जोड दिनुभयो।

## प्रेम, विवाह र वैदेशिक अध्ययनमा केन्द्रित 'मोचन'

काठमाडौँ। अमेरिका पुगेको एक नेपाली जोडीबीच भयङ्कर मनमुटावपछि पुरुषले पत्नीलाई परित्याग गरेको र नेपाल आएर अर्की महिलासँग बिहा गरी आफ्नो विद्यावारिधि पूरा गरेका विषयमा केन्द्रित एक उपन्यास अहिले बजारमा छ। हाल अमेरिका-नेपाल आउजाउ गरिरहने डा. तुलसी आचार्यको 'मोचन' उपन्यास (फिनिक्स बुक, २०७८) को सारांश यति मात्र भए पनि यसले अमेरिकी जीवनबारे पनि केही बताएर पाठकलाई अर्कै महादेशमा लैजान्छ। लेखकले पछिल्ला घटनालाई अगाडि ल्याउने (फ्ल्यासब्याक) शैलीमा उपन्यासमा प्रथम पुरुष (उत्तम पुरुष) का रूपमा रहेर आफ्नो प्रेम, द्वन्द्व, वियोग, संयोग र शैक्षिक जिन्दगीको कथा बताएका छन्।

३० प्रतिशत आफ्नो जीवनका प्रसङ्ग उपन्यासमा ल्याएका लेखकले भिन्न आर्थिक वर्गबीच हुन सक्ने द्वन्द्व र त्यसको परिणामलाई राम्ररी चित्रण गर्नाका साथै अमेरिकी जीवनलाई थोरै अंशमा भए पनि प्रस्तुत गरेका छन्।

विवाहपूर्व पहिले नै विद्यावारिधि गर्न गएको विद्यार्थी पछि नेपाल आएर बाबुआमाको रोजाइको केटी बिहे गर्छ र उतै हानिन्छ। पछि युवककी पत्नी पनि अमेरिका पुग्छिन् र दुवै अध्ययन र कामका बीच अमेरिकाको स्वतन्त्रता र स्वच्छन्दता भोग्छन्। काम गर्ने र त्यसबाट पैसा कमाएर कलेज पढ्ने पुरुषलाई पत्नीले हरबखत विलासिताका लागि जोड दिन्छिन्, खाना बनाउने-भाँडा माझ्ने काम पनि पति प्रायः एक्लै गर्न पुग्छ।

'दुई दिनको जिन्दगी हो पैसा जोगाएर, प्याक प्याक भएर बाँच्नु छैन मलाई', पत्नी भन्थिन्। उनीहरूबीच पाठकले सोच्न नसक्नेसम्मको भयङ्कर झगडा चल्छ, पतिले आफूलाई शारीरिक आक्रमण गरेकामा पत्नी प्रहरीसमेत गुहार्न पुग्छिन्।

पढाइ सकेपछि आफू नेपाल फर्कने र नातिनातिना खेलाउने बाबुआमाको चाहना दुवैलाई उनकी पत्नी मन पराउँदिनन्। लवाइ, खवाइ र विचार जस्ता विषयमा द्वन्द्वको पराकाष्ठा पुगेपछि ऊ आफूलाई राम्रो पति हुन नसकेको महसुस गर्दै अर्की पत्नीको खोजमा हुन्छ। कलेजमा पढ्ने र काम पनि गर्ने पहिलेकी पत्नी आश्माबाट खुशी, शान्ति र आत्मसम्मान पाउन वञ्चित पुरुष पाँच वर्षपछि बाध्य भएर अर्की युवतीसँग साइबर लभ हुँदै भौतिक उपस्थितिमै नेपाल आएर विवाह गर्न पुग्छ। जिम्मेवार र देशभक्त छोरा तथा पति बन्ने पुरुषको इच्छा र कसैको वैवाहिक जीवनमा जबर्जस्ती प्रवेश नगर्ने बरु पहिली पत्नीबाट बिल्कुल प्रेम नपाउने र आफूले पनि नगर्ने भए मात्र आफू विवाहित पुरुषसँग विवाह गर्ने पछिल्ली युवती अनामिकाको विचार देखाएर लेखकले दोस्री पत्नीको प्रवेशलाई स्वाभाविक बनाउने प्रयास गरेका छन्। पत्नीलाई छाडेर केही समय नेपाल आएको पात्रसँग पहिली पत्नीले हरबखत इमेलबाट वा तन्द्रामा पनि आफूसँग प्रेमको भीख मागिरहेकी हुन्छिन् भने उसको नवप्रेमिका अनमिकासँगको प्रेम र हिमचिम बढिरहेको हुन्छ। यस्ता अवस्थामा नयाँ प्रेमिकासँग बिहे गर्ने कुरा सोच्न नसक्ने स्थितिमा पुगेको पुरुषभित्र मच्चिएको हुन्डरीलाई पनि लेखकले स्वाभाविक ढङ्गले यथार्थ चित्रण गर्न सक्नुभएको छ। उपन्यासमा मदन आश्रित हत्याको रहस्य, गोरखा भूकम्पका प्रभाव, भारतीय नाकाबन्दी, केही असन्तुष्टिमै गाडी जाम गर्ने र सवारी साधनमा ढुङ्गा हान्ने व्यवहार, पशुपतिनाथ, भक्तपुर, ओशो तपोवन आदि स्थान देखाएर हाम्रो तीर्थस्थल, इतिहास र प्रवृत्तिलाई उजागर गरेका छन्।

ठाउँठाउँमा विभिन्न लेखक, दार्शनिक, कवि, गायकका भनाइ, गीत कविता तथा सिसिफस, फोनिक्स चरा, सतीदेवी, इन्द्रको आसन आदि जस्ता कतिपय ग्रीक र हिन्दू मिथक तथा गीताका श्लोक उद्धृत गरेर लेखकले आफूलाई अध्येता र बौद्धिक रूपमा चिनाउन पनि खोजेका छन्। पाठकलाई सम्बोधन गर्दै लेखिएको प्रायोगिक उपन्यासमा आफूभित्रको द्वन्द्व र उतारचढाव तथा 'कष्ट तथा बाधाबन्धन आदिबाट छुट्ने काम' देखाएर शीर्षकलाई सार्थकता दिने प्रयास गरिएको छ। विद्यावारिधि जस्तो उच्च शैक्षिक खुड्किलो सम्पन्न गरेर लेखकले अमेरिकामा गरिएको दुःख र सङ्घर्षबाट 'मोचन' पाएका छन्।

नेपाल-अमेरिका-नेपाल गर्दै प्राध्यापन-लेखनमा सरिक लेखकले नेपालमै स्कुल-कलेजमा अध्यापन गरेको पुरुष पात्रले अमेरिकामा कुचो लाउने, भाँडा माझ्ने आदि काम गरेको प्रसङ्ग उपन्यासमा देखाएर विदेशमा विदेशीले गर्ने यथार्थ काम प्रस्तुत गर्ने हिम्मत गरेका छन्। बेहुलीले विवाहमण्डपमै मोबाइल फोन उठाएको तथा पत्नीले पतिलाई तल्लास्तरका शब्द प्रयोग र व्यवहार गरेको चाहिँ हाम्रो चलन र संस्कृतिसँग त्यति मेल खाँदैन। गरीब र दासताबाट मुक्त हुन नचाहँदा नै मानिस दरिद्र हुन्छ भन्ने अनामिकाको पूजापाठमा विश्वास गर्ने र ज्योतिषी देखाएर आफ्नो भाग्य जान्न चाहने व्यक्तित्वमा भने विरोधाभास देखिन्छ।

आश्मा र अनामिकालाई गरेका सम्झनालगायत अन्य प्रसङ्गहरू अनेक पटक पुनरुक्ति भएका छन्। अनामिकासँग रिसाएर हिँडेको पुरुषको तपोवनमा उनैसँग भेट हुनामा नाटकीयता

बाँकी ६ पृष्ठमा

# प्योर ईभीको इलेक्ट्रिक बाइक नेपाल आउदै, खुल्यो बुकिङ र टेस्ट राइडको अवसर

काठमाडौं। नेपाली बजारमा भारतीय इलेक्ट्रिक ब्रान्ड प्योर ईभीको बाइक ईट्रिस्ट ३५० उपलब्ध हुने भएको छ। नेपालका लागि आधिकारिक वितरक ह्वाइट लोटस मोटर्सले यसको बुकिङ खुला गरेको छ।

नेपालभरका प्योर ईभीका सोरुममार्फत यसको बुकिङ गर्न सकिने छ। नक्सालस्थित सोरुममार्फत यसको टेस्ट राइड समेत गर्न सकिने सुविधा उपलब्ध छ। बुकिङ गरेका ग्राहकलाई आगामी दुई साताभित्र सो बाइक डेलिभरी गरिने ह्वाइट लोटस मोटर्सले जनाएको छ। यसको मूल्य ३ लाख ९९ हजार रुपैयाँ तोकिएको छ।

झट्ट हेर्दा पेट्रोलबाट चल्ने मोटरसाइकल जस्तै लाग्ने यसको डिजाइन भविष्यमा आधारित इलेक्ट्रिक मोटरसाइकलको थिममा गरिएको छ। यो बाइकमा ७ इन्चको एलइडी डिजिटल डिस्प्ले, एलइडी हेडल्याम्प र एलइडी डिआरएलएस दिइएको छ। इन्धन ट्याँक रहने स्थानमा चार्जिङ सकेट दिइएको यो मोटरसाइकल एकदमै मस्कुलर देखिएको छ।




प्योर इभीले यसमा ३.५ किलोवाट क्षमताको लिथियम आयोन ब्याट्री प्याक र ३.० विएलडिसी मोटर हव जडान गरेको छ। जसको अधिकतम पावर ४.० किलोवाट, टर्क ६० एनएम र टप स्पिड ८५ किलोमिटर रहने जनाइएको छ। ८४ भोल्टको चार्जरले ६ घन्टामा फुल चार्ज गर्न सकिने यो मोटरसाइकलले १४० किलोमिटरसम्मको रेन्ज दिने दाबी गरिएको छ। यो मोटरसाइकललाई ड्राइभ, क्रसओभर र थ्रील गरी ३ फरक मोडमा चलाउन सकिन्छ। १६ डिग्रीसम्मको उकालो चढ्न सक्ने यसको ग्राउन्ड क्लियरेन्स १९८ एमएम रहेको छ। यो वाइकको दुबै चक्कामा ट्युवलेस र डिस्क ब्रेक दिइएको छ। रिमोटवाटै स्टार्ट गर्न सकिने यसको अगाडी र पछाडी दुबै भागमा हाइड्रोलिक डुअल सस्पेन्सन दिइएको छ। १२० किलो वजन भएको यो बाइकले १६० किलोसम्मको तौल वोक्न सक्ने दाबी गरिएको छ।

# अब होटेल तथा रेस्टुरेन्टको लागि १० हजारमा लेभ्निङको फुड डेलिभरी इलेक्ट्रिक स्कुटर

काठमाडौं। बज्र ग्रुप अन्तर्गतको कम्पनी ईभी नेपाल मोटर्स प्रालिले लेभ्निङ ब्रान्डको इलेक्ट्रिक स्कुटर नेपाल भरिका रेस्टुरेन्ट तथा होटेलको लागि १० हजार रुपैयाँमै लेभ्निङ एलएक्स५ डी मोडल उपलब्ध गराउने भएको छ।

'तपाईको गोजीमा कति छ ?' भन्ने स्किम अन्तर्गत १० हजार रुपैयाँमा लेभ्निङ ब्रान्डको स्कुटर नेपाल भरिको रेस्टुरेन्ट तथा होटेलले फुड डेलिभरीको लागि पाउने भएका छन्। रेस्टुरेन्ट तथा होटेलको लागि बनाइएको स्कुटर एलएक्स५ डी मोडल हो। यो स्कुटर जर्मन कम्पनी बोसको मोटर्स प्रयोग गरिएको स्कुटर हो जसमा सामसुङ कम्पनीको लिथियम ब्याट्री प्रयोग गरिएकोले गर्दा फुल चार्जमा राम्रो माइलेज दिने हुनाले कुनै पनि होटेल तथा रेस्टुरेन्टले कम्पनीको शोरुममा गएर १० हजार भुक्तानी गरी फाइनान्समार्फत सजिलैसँग खरिद गर्न पाउनेछन्। यसका साथै नविल बैंकको शून्य प्रतिशत ब्याजदरमा सो स्कुटर किन्न सकिने छ। त्यसैगरी नगदमा किन्नेका लागि भने १० हजार छुट गरिएको कम्पनीले बताएको छ। यस स्कुटरको ब्राण्ड एम्बेसडरमा मिस इन्टरनेशनल २०१७ का विजयी नीति साह छिन्। फुड डेलिभरी गर्दा पेट्रोलको खर्च वचत हुने, पेट्रोल हाल्न नपर्ने, सर्भिस र पार्ट्समा खर्च नहुने, वाताबरण स्वच्छ हुने हुनाले कम्पनीले यो सहुलियत दर १० हजार वा शून्य प्रतिशत स्किममा लेभ्निङ ब्रान्डको इलेक्ट्रिक स्कुटर सीमित अवधिको लागि प्रदान गर्ने योजना लागू गरेको बताएको छ। कम्पनीको सोच अनुसार होटेलमा डेलिभरी गर्न पछाडि ठुलो भाडो राखिएको छ जसले गर्दा समान जति पनि हाल्न सजिलो हुने भएको हुनाले यो स्किम फुड डेलिभरी गर्नको लागि भनेर होटेल तथा रेस्टुरेन्टलाई लक्षित गरि लागु गरिएको छ। यो योजना प्रारम्भ भइसकेको र नजिकको लेभ्निङ इलेक्ट्रिक स्कुटरको शोरुममा सम्पर्क गर्न सकिने बताइएको छ। होटेल तथा रेस्टुरेन्टको फुड डेलिभरीको लागि फाइनान्स, एक्सचेन्ज र क्यासको सुविधामा लिन सकिने र यो स्किम सीमित अवधिको लागि लागू गरिएको बताइएको छ। नेपाली बजारमा एलएक्स०१, एलएक्स०२, एलएक्स०४, एलएक्स०५, एलएक्स०५-डी, एलएक्स०६, एलएक्स०६ म्याक्स, एलएक्स०८, एलएस०१ र एम०४ मोडलका स्कुटर उपलब्ध छन्। यी स्कुटरको मूल्य १ लाख १० हजार देखि ५ लाख ५९ हजार रुपैयाँ सम्म छ।

काठमाडौं उपत्यकाको नक्साल, टेकु, भैसेपाटी, भक्तपुर, पाटन, बाफल लगायतका स्थानको शोरुमका साथै सुर्खेत र जनकपुरमा यसका लागि सम्पर्क गर्न सकिने बताइएको छ। नेपाली कर्पोरेट हाउसको इतिहासमा ३० बर्ष पुरानो र नेपालभरिको सबै ग्राहकको बिश्वास जित्न सफल ग्रुपको रुपमा परिचित कम्पनि बज्र ग्रुप हो, जसले विश्वका विभिन्न प्रतिष्ठित अन्य ब्रान्डको समेत कारोबार गर्दै आइरुहेको छ।

# नेपाल आइपुग्यो भारतमा निकै रुचाइएको किया सोनेट

काठमाडौं। कियाको बहुप्रतीक्षित कार किया सोनेट नेपाली बजारका लागि उपलब्ध भएको छ। दसैं अगाडि नै यसको बुकिङ खोलेको भए पनि हालै मात्र सो कार नेपाली बजारमा उपलब्ध भएको हो।




कियाको नेपालका लागि आधिकारिक वितरक कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेजले किया सोनेट नेपाली बजारमा उपलब्ध गराएको हो।

डिजेल इन्जिनयुक्त किया सोनेट ३ भेरिएन्टमा र पेट्रोल इन्जिनयुक्त किया सोनेट एउटा भेरिएन्टमा उपलब्ध हुनेछ।

डिजेल इन्जिनमा एचटीएक्सको मूल्य ४७ लाख ९० हजार, एचटीएक्स प्लस अटोमेटिकको मूल्य ४९ लाख ९० हजार र जीटीएक्स प्लसको मूल्य ५७ लाख ९० हजार रुपैयाँ छ। यी सबै १.५ लिटर डिजेल इन्जिनमा उपलब्ध हुनेछन्।

पेट्रोल इन्जिनयुक्त सोनेटको सुरुवाती भेरिएन्ट एचटीईको मूल्य ३५ लाख ९० हजार रुपैयाँ हुनेछ। यो १.२ लिटर पेट्रोल इन्जिनमा उपलब्ध हुनेछ।

किया सोनेटले हाल बजारमा प्रचलित हुन्डाई भेन्यु देखि सुजुकी भिटारा ब्रेजा र महिन्द्रा एक्सयूभी ३०० सँग कडा प्रतिस्पर्धा गर्नेछ।

किया सोनेटमा एलईडी हेडलाइटका साथ एलईडी डीआरएल छ, जुन साइड इन्डिकेटरसँग इन्टिग्रेटेड छ। एलईडी हेडलाइटलाई कियाले क्राउज ज्वेल भन्ने गरेको छ। यसमा टर्बो आकारको फ्रन्ट सिक्ड प्लेट समेत छ।

सो कम्प्याक्ट एसयूभीमा १०.२५ इन्चको टचस्क्रिन इनफोटेनमेन्ट सिस्टम उपलब्ध छ। त्यसैगरी यसमा बोसको ७ स्पिकर सिस्टम, इलेक्ट्रिक सनरुफ, फ्रन्ट भेन्टिलेटेड सिट छन्। सो कारलाई स्मार्टवाचसँग कनेक्ट गर्न पनि सकिन्छ। यसको ड्यासबोर्ड धेरै हद सम्म किया सेल्टोस जस्तै छ, जसमा युभिओ कनेक्टिभिटीको विकल्प उपलब्ध हुनेछ।

यसमा ६ एयरब्याग, ईबीडीका साथ एबीएस, फ्रन्ट र रियर पार्किङ सेन्सर, टायर प्रेसर मोनिटरिङ सेन्सर, अटो हेडलाइट, ब्रेक असिष्ट, इलेक्ट्रोनिक स्टेबिलिटी कन्ट्रोल जस्ता आधुनिक फिचर उपलब्ध हुने छन्।

## मारुती सुजुकीको अर्को एसयूभी ग्रान्ड भिटारो

मारुती सुजुकी इन्डिया लिमिटेडले आगामी मिडसाइज एसयूभीको नाम ग्रान्ड भिटारा राखेको छ। यसको लागि बुकिङ पनि सुरु गरेको छ। मारुती सुजुकीको फाइभ सिटर एसयूभी ग्राण्ड भिटाराको बुकिङ प्रिमियम नेक्सा डिलरशिपमा ११ हजार भारुमा अनलाइन बुक गर्न सकिन्छ। सो एसयूभी जुलाई २०, २०२२ मा विश्वव्यापी रूपमा लन्च गरिने छ। नयाँ ग्रान्ड भिटारा हालसालै सार्वजनिक भएको टोयोटा अर्बन क्रुजर हाइराइडरसँग धेरै समानता छ। सो मिडसाइज एसयूभीले हुन्डाई क्रेटा, किया सेल्टोस, एमजी एस्टर, निसान किक्स, फक्सवागन टाइगुन र स्कोडा कुशाकसँग प्रतिस्पर्धा गर्नेछ। मारुती सुजुकी ग्रान्ड भिटारा प्रसिद्ध ग्लोबल सी आर्किटेक्चरमा आधारित छ। मारुती सुजुकीले ग्राण्ड भिटारा यही वर्षको चाडपर्वमा बिक्रीको लागि उपलब्ध हुनेछ। यसमा लेयर्ड ड्यासबोर्ड, सेन्टर कन्सोल, एप्पल कारप्ले, एन्ड्रोइड अटो कनेक्टिभिटी सहितको ९ इन्चको टचस्क्रिन इन्फोटेनमेन्ट सिस्टम, ठूलो एमआईडी भएको सेमी-डिजिटल इन्स्ट्रयुमेन्ट क्लस्टर, ६ वटा एयरब्याग, ३६० डिग्री क्यामेरा सिस्टम, हेड-अप डिस्प्ले, अटोमेटिक क्लाइमेट कन्ट्रोल, क्रुज कन्ट्रोल, इलेक्ट्रिक सनरुफ, इन्जिन स्टार्ट/स्टप बटन, वायरलेस चार्जिङ डक, रियर एसी भेन्ट्स जस्ता फिचर उपलब्ध हुनेछ। नयाँ ग्रान्ड भिटारमा माइल्ड हाइब्रिड टेक्नोलोजी भएको १.५ लिटर ४ सिलिन्डर के १५सी डुअलजेट पेट्रोल इन्जिन छ।

सफा र स्वच्छ पानी पिऔं, मुहानको संरक्षण गरौं।
- पानीका मुहान तथा स्रोतलाई सफार सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- इन्टेक(मुल), प्रशोधन संयन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की नियमित रुपमा सफा गरौं ।
- घर वा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराको टुटी तथा पानी जम्मा गरिएकाभाँडो नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस